# छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम. एड.)

द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको

आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक

योजना तथा व्यवस्थापन विभागमा

प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता

राजनप्रसाद खरेल

एम. एड. दोस्रो वर्ष

परीक्षा रोल नं. : २०४००७९/०६६

त्रि.वि.द.नं. : ९-२-२०४-०००४-२००७

**कनकाई बहुमुखी क्याम्पस**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**सुरुङ्गा, झापा**


**२०७२**

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति २०७२/०९/१५.........

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **राजन प्रसाद खरेलले** मेरो प्रत्यक्ष निर्देशनमा **छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(ठाकुर प्रसाद रसाइली)

शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/१०/०२

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **राजन प्रसाद खरेलले** मेरो प्रत्यक्ष निर्देशनमा **छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..........................

२. ठाकुर प्रसाद रसाइली
शोध निर्देशक ..........................

३. उप-प्रा. शेषराज अधिकारी
बाह्य परीक्षक ..........................

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयारीको क्रममा शोध प्रस्तावनाको रुपरेखा तयार गर्नेदेखि लिएर शोधपत्रको अन्तिम रुप प्रदान गरुञ्जेलसम्म आवश्यक निर्देशन, सल्लाह र सुझाव गरिदिनुहुने शोध निर्देशक आदरणीय गुरु श्री ठाकुरप्रसाद रसाइलीज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यसैगरी शोध कार्यलाई अगाडि बढाउनका लागि आवश्यक वातावरण मिलाई विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीज्यू र विभागका आदरणीय गुरुहरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

अध्ययनको क्रममा नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, अभिभावक, शिक्षक, विद्यार्थी कर्मचारीहरु जसले यस कार्यका लागि आफ्नो अमूल्य समय प्रदान गरी सूचना र तथ्याङ्क उपलब्ध गराई शोधपत्र तयार गर्न यथेष्ट सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

यस शोधपत्रको तयारीको क्रममा भाषिक शुद्धीकरणमा वाक्य संगठन गरी शोधपत्र तयारीमा अन्तिम रुप दिन आवश्यक सहयोग पुऱ्याउनु हुने खनाल कम्युनिकेशन, विर्तामोडका सञ्चालक सि. एम. खनाललाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

राजनप्रसाद खरेल

# शोधसार

*प्रस्तुत अध्ययन **छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव** शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । अध्ययनको मुख्य उद्देश्य प्राथमिक विद्यालय तहमा छात्रा छात्रवृत्ति वितरणको अवस्था पहिचान गर्नु र छात्रा छात्रवृत्तिले बालिकाको शैक्षिक उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्नु रहेका छन् ।*

*यस अध्ययनको उद्देश्य पूरा गर्न अध्ययन विधि अन्तर्गत वर्णनात्मक, परिमाणात्मक र विश्लेषणात्मक खोज अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । अनुसन्धानात्मक साधनहरुको प्रयोगको सम्बन्धमा नमुना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि र विद्यार्थीसँग प्रश्नावली भराई अन्तर्वार्ता, छलफल, भेटवार्ता र अन्तरक्रिया गरी विभिन्न प्रकारका संख्यात्मक तथ्याङ्क संकलन गरिएको छ । नमुना छनोट विधि अन्तर्गत सुविधायुक्त नमुना छनोट विधि र सम्भाव्यता वा संयोग विधिहरूको प्रयोग गरिएको छ ।  प्राथमिक र द्वितीय दुवै स्रोतबाट प्राप्त सूचना, जानकारी र तथ्याङ्कहरूको प्रयोग गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई आवश्यता अनुसार तालिकीकरण, स्तम्भ चित्र, प्रतिशत र औसत आदिको प्रयोग गरी तथ्याङ्कहरुको व्याख्या र विश्लेषण गरिएको छ ।*

*छात्रवृत्ति कार्यक्रम सञ्चालन भए यता अभिभावकहरूमा आर्थिक अभाव र चेतनाको अभावका कारण विद्यालयप्रतिको विद्यमान धारणाको सकारात्मक परिवर्तन भएको र आफ्ना छोराछोरीहरूलाई विद्यालयमा पठाउने साथै छोरा र छोरी बीच बिना भेदभाव विद्यालयको पहुँचमा पुऱ्याई शिक्षा प्राप्त गर्ने अवसरको उपयोगमा वृद्धि भएको छ । यसै गरी विद्यालयमा विद्यार्थी नियमित रूपमा उपस्थित हुने अवस्थामा तुलनात्मक रूपमा सुधार भएको पाइएको छ । छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न गुणात्मक प्रभाव नपारेको पाइए पनि विद्यार्थी उत्तीर्ण दर कायम रहेको र उत्तीर्ण दरमा सामान्य सुधार भएको पाइएको छ । केही अभिभावकहरूले छात्रवृत्ति प्राप्त गर्न मात्रै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने गरेको पाइयो र त्यस्ता अभिभावकमा विद्यार्थीको सिकाइ उपलब्धिको बारेमा कुनै चासो र चिन्ता नभएको पाइयो ।*

छात्रवृत्ति रकमले विद्यार्थीको सिकाइ उपलब्धिमा पुनर्वल उत्तेजनाको रूपमा कार्य गर्ने सैद्धान्तिक आधार भए पनि छात्रवृत्तिलाई पुनर्वलयुक्त उत्तेजनाको रूपमा प्रयोग नगरिएको र सिकाइ उपलब्धि गुणात्मक हुन नसकेको पाइएको छ । छात्रवृत्ति वितरण गर्ने समय उपयुक्त र वैज्ञानिक नभएको, छात्रवृत्ति वितरण गर्दा औपचारिक कार्यक्रम नगरी व्यक्तिगत रूपमा बाँड्ने गरेको पाइएको छ । यसै गरी छात्रवृत्ति रकम सही रूपमा उपयोग हुन नसकेको, बढ्दो महंगी अनुसार छात्रवृत्ति रकम न्यून भएको र कक्षाको बढ्दो क्रम अनुसार छात्रवृत्ति रकम वृद्धि नहुने गरेको पाइयो । यसै गरी छात्रवृत्ति कोटा समयमै विद्यालयले प्राप्त गर्न नसकेको र भर्ना समयभन्दा पछि भर्ना हुने लक्षित समूहका विद्यार्थीले समेत छात्रवृत्ति प्राप्त गर्न नसकेको पाइएको छ । सरोकारवाला निकायबाट छात्रवृत्ति सम्बन्धमा निरीक्षण र अनुगमन तथा कार्यक्रम बारे मूल्याङ्कन नहुने गरेको जस्ता धेरै समस्याहरू छात्रवृत्ति कार्यक्रम सम्बन्धमा पाइएका छन् । छात्रवृत्ति वितरणका लागि गरिब तथा जेहेन्दार छात्रवृत्ति कोटा बढाउनु पर्ने, वास्तविक विपन्न वर्गका लागि छात्रवृत्ति कोटा निर्धारण गर्नु पर्ने, छात्रवृत्ति रकमलाई समय सापेक्ष बनाउन रकम वृद्धि गर्नु पर्ने, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित र वैज्ञानिक बनाउनु पर्ने, छात्रवृत्ति चुहावट र दुरुपयोगलाई नियन्त्रण गर्नु पर्ने जस्ता सुझावहरू समेत यस शोधपत्रले पेश गरेको छ ।

# विषय सूची


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता

शोधसार

विषय सूची

तालिका सूची

**परिच्छेद एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्थाको कथन | ५ |
| १.३ | अध्ययनको औचित्य | ५ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६. | अध्ययनको परिसीमा | ७ |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३ | शैक्षिक उपादेयता | १४ |

**परिच्छेद तीन : अध्ययन विधि**

| | | |
|---|---|---|
| ३.१ | अध्ययनको ढाँचा | १६ |
| ३.२ | जनसंख्या तथा नमुना छनोट | १६ |
| ३.२.१ | जनसंख्या | १६ |
| ३.२.२ | नमुनाको आकार | १६ |
| ३.२.३ | नमुना छनोट विधि | १७ |

| | | |
|---|---|---|
| ३.३ | अनुसन्धानका साधनहरु | १७ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | १८ |
| ३.४.१ | प्राथमिक स्रोत | १८ |
| ३.४.२ | द्वितीय स्रोत | १९ |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रक्रिया | १९ |
| ३.६ त | थ्याङ्क विश्लेषण प्रक्रिया | २० |


## परिच्छेद चार : नतिजाको छलफल


| | | |
|---|---|---|
| ४.१ | विद्यालयमा छात्रवृत्ति वितरणको अवस्था | २१ |
| ४.१.१ | छात्रवृत्ति वितरण सम्बन्धी विवरण | २२ |
| ४.१.२ | छात्रवृत्ति वितरण गर्ने तरिका | २३ |
| ४.१.३ | छात्रवृत्ति वितरणको समय | २४ |
| ४.२ | छात्रवृत्ति वितरणको प्रभाव | २५ |
| ४.२.१ | छात्रा सहभागिताको अवस्था | २५ |
| ४.२.२ | विद्यार्थी भर्नाको तुलनात्मक अवस्था | २७ |
| ४.२.३ | विद्यार्थी नियमितता | २८ |
| ४.२.४ | विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था | २९ |
| ४.३ | छात्रा छात्रवृत्ति वितरण सम्बन्धी समस्याहरू | ३१ |
| ४.३.१ | विपन्न वर्गलाई समेट्न नसकेको | ३१ |
| ४.३.२ | समयमा वितरण हुन नसकेको | ३१ |
| ४.३.३ | छात्रवृत्ति सम्बन्धमा गलत मानसिकता रहेको | ३२ |
| ४.३.४ | छात्रवृत्ति रकम अपर्याप्त रहेको | ३२ |
| ४.३.५ | छात्रवृत्ति रकमको दुरुपयोग हुने गरेको | ३२ |
| ४.३.६ | विद्यार्थी भर्ना समयमा नहुने गरेको | ३२ |
| ४.३.७ | अभिभावकको सहभागितामा कमी | ३२ |
| ४.३.८ | अनुगमनको अभाव | ३३ |
| ४.४ | छात्रा छात्रवृत्ति प्रदान गर्दा देखा पर्ने समस्या समाधानका उपायहरु | ३३ |
| ४.४.१ | विपन्न वर्गलाई समेट्नु पर्ने | ३३ |

४.४.२ छात्रवृत्ति समयमा वितरण गर्नु पर्ने ३३
४.४.३ छात्रवृत्ति सम्बन्धमा अभिभावकमा चेतनामूलक
कार्यक्रम सञ्चालन गर्नुनर्पे ३४
४.४.४ छात्रवृत्ति रकममा समयसापेक्ष वृद्धि गरिनु पर्ने ३४
४.४.५ विद्यार्थी भर्ना समय निर्धारित हुनु पर्ने ३४
४.४.६ नियमित अनुगमनको व्यवस्था ३४
४.५ प्राप्ति ३४

**परिच्छेद पाँच : निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ३६
५.२ सुझाव ३७
५.२.१ नीतिगत तह ३७
५.२.२ कार्यान्वयन तह ३९
५.२.३ अनुसन्धान तह ३९
**सन्दर्भ सूची**
**अनुसूचीहरु**

# तालिका सूची


तालिका १ : नमुनाको आकार १७

तालिका २ : प्राथमिक तहमा वितरित छात्रवृत्ति रकमको विवरण २२

तालिका ३ : प्राथमिक तहमा १००% छात्रा छात्रवृत्ति वितरण सम्बन्धी विवरण २३

तालिका ४ : विद्यालयमा बालिका सहभागिताको विवरण २६

तालिका ५ : विद्यार्थी भर्नाको तुलनात्मक विवरण २७

तालिका ६ : विद्यार्थी नियमितताको अवस्था (२०७१) २९

तालिका ७ : औसत कक्षागत शैक्षिक उपलब्धि ३०

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा देश विकासका लागि मेरुदण्ड हो र विकासका लागि आधारशिला हो । शिक्षाको माध्यमबाट नै सक्षम, उत्पादनशील र अनुशासित जनशक्ति तयार गर्न सकिन्छ । यस्तो जनशक्ति उत्पादन गर्न शिक्षालाई समयसापेक्ष, व्यवहारोपयोगी, गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यक छ । सही शिक्षाको माध्यमले मात्र वैज्ञानिक चिन्तनशीलता र मानसिक परिस्कार सम्भव बन्न सक्दछ । विज्ञान र प्रविधिको आजको युगमा शिक्षा बिना जीवन अत्यन्तै कष्टकर र आधारहीन बन्दछ । सचेत, सक्षम र सुसूचित नागरिक उत्पादन गर्ने प्रमुख माध्यम नै शिक्षा हो । विविधतायुक्त समाजमा विद्यामान आ-आफ्नै मौलिक मूल्य मान्यता र नैतिकता तथा आदर्श जस्ता महत्वपूर्ण पक्षहरुको स्थापना गर्न शिक्षा जिम्मेवार रहनुपर्दछ । प्रत्येक जाति, वर्ग, समुदाय र समाजका प्रत्येक बालबालिकाले शिक्षा प्राप्त गर्नु उनीहरुको अधिकार हो । त्यसैले औपचारिक शैक्षिक संरचनाको प्रारम्भिक तह प्राथमिक तहको शिक्षामा सबैको पहुँच रहनुपर्दछ । शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनको लागि नेपालको शैक्षिक इतिहासमा विभिन्न प्रयासहरु भएका देखिन्छन् । तैपनि त्यसबाट प्रगति अपेक्षित रुपमा प्राप्त हुन नसकेको प्रमाणले देखाउँछ ।

शिक्षा बिना व्यक्तिको अन्तरनिहित क्षमता प्रस्फुटन हुन नसक्ने भएकोले यसका लागि अनौपचारिक र अनियमित शिक्षा प्रणालीको विकास ऐतिहासिक कालदेखि नै भएको पाइन्छ । नेपालको ऐतिहासिक पक्षलाई अध्ययन गर्दा स-साना राज्यहरुमा विभाजित हुँदाको अवस्थामा पनि आ-आफ्ना पेशा र व्यवसायमा संलग्नता रहँदै धर्मको आधारमा वैदिक र बौद्ध शिक्षाको प्रचलन रहेको पाइन्छ । पृथ्वी नारायण शाहको पूर्ण जीवन नेपाल एकीकरणमै बितेको भए पनि उनले संस्कृत र फारसी भाषाका लागि भारतमा पढ्न पठाएको पाइन्छ । उनले वैयाकरण केशरीलाई मासिक रु ५० रुपैयाँ र बुद्धिमान सिंहलाई २० रुपैयाँ छात्रवृत्ति प्रदान गरी भारतमा अध्ययन गर्न पठाएका थिए । त्यसै गरी राणाकालीन नेपालमा वीर शमशेरले प्राविधिक शिक्षा विकासका लागि उच्च शिक्षा अध्ययन गर्न आफ्ना छोरा गेहेन्द्र शमशेर सहित कुमार नरसिंहलाई सिभिल इञ्जिनियर, भक्तबहादुर बस्नेतलाई हात हतियार, तिलकमान

रायमाझी र मुसे थापालाई छालाको काम सम्बन्धी अध्ययन गर्न जापान पठाएको पाइन्छ (शर्मा, २०५७) । नेपालको शैक्षिक इतिहासलाई अध्ययन गर्दा समाजको रीतिरिवाज, चालचलन जीवन आदर्श, सामाजिक र धार्मिक मान्यता सम्बन्धी शिक्षा घर परिवारमा दिइने गरेको पाइन्छ । त्यस वेलाको शिक्षा पारिवारिक सीप, ज्ञान र अनुकरणमा आधारित थियो र विस्तारै सामाजिक जटिलताको वृद्धि हुँदै जाँदा शिक्षामा पनि परिवर्तन आउनु स्वभाविकै हो । नेपालमा शिक्षाको विकास संस्थागत रुपमा प्राचीन, वैदिक, वौद्ध शिक्षा प्रणाली, लिच्छवीकालीन शिक्षा, मल्लकालीन शिक्षा हुँदै हालको आधुनिक शिक्षा प्रणालीसम्म आइपुगेको पाइन्छ । वैदिककालमा विभिन्न शिक्षा पद्धतिहरु देवकुल, राजकुल, गुरुकुल, ऋषिकुल आदि चलनमा रहेका थिए । यी शिक्षा पद्धतिहरु मध्ये गुरुकुल शिक्षा पद्धति महत्वपूर्ण मानिन्छ । गुरुकुल शिक्षा प्रणालीमा शुल्क लिएर पढाउने कार्यलाई नराम्रो मानिन्थ्यो । शिष्यहरुलाई भोजन र आवासको व्यवस्था गरी आश्रममा शिक्षा दिइन्थ्यो (शर्मा, २०६०) । प्राचीन कालमा पनि गुरुहरुले आफ्ना शिष्यहरुलाई भोजन तथा आवासको व्यवस्था गरी आश्रममा वा मन्दिरमा शिक्षा दिनुलाई छात्रवृत्तिको रुपमा लिन सकिन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ले समेत छात्रवृत्तिलाई महत्व दिएको छ र यस अनुसार गरीव र जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ भन्ने बुँदालाई अगाडि सारेको छ । यस नीतिगत तथ्यले पनि विद्यार्थीको सिकाइ उपलब्धिमा छात्रवृत्ति कार्यक्रम रहेको स्पष्ट हुन्छ । वि.स. २०३१ साल फल्गुण १२ गते नेपालमा प्राथमिक शिक्षा निःशुल्क गर्ने भनी गरिएको घोषणा र वि.स. २०३५ देखि प्राथमिक तहमा निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था गरिएको थियो । हाल निःशुल्क शिक्षा र निःशुल्क पाठ्यपुस्तकको व्यवस्था रहेको छ र यसले प्राथमिक तहको सिकाइ उपलब्धिमा जोड दिएको छ ।

शिक्षाको असमान वितरणले गर्दा समाजमा सामाजिक र आर्थिक दूरी पनि बढ्दै गएकोले आजको समाजमा शिक्षामा समानता, निष्पक्षता र सहज पहुँचका विषयमा जोडदार रुपले आवाजहरु उठ्न थालिसकेका छन् । आधारभूत तथा प्राथमिक शिक्षाको अवसरवाट वञ्चित सबै बालबालिकाहरु लाभान्वित हुन सकुन् भन्ने उद्देश्यले विभिन्न प्रयासहरु भइरहेका छन् । थाइलेण्डको जोम्टिनमा सन १९९० मा भएको

सबैको लागि शिक्षा, सम्बन्धी अन्तर्राष्ट्रिय शिखर सम्मेलनले प्रतिवद्धता जाहेर गरेका कार्यक्रमहरुको समीक्षा गर्न सन् २००० मा सेनेगलको डकारमा सबैका लागि शिक्षा विश्व शिक्षा मञ्चको बैठक गरिएको थियो । उक्त बैठकले जोम्टिन सम्मेलनले तय गरेका उद्देश्यहरु कार्यान्वयन भई पूरा भए नभएको समीक्षा गऱ्यो भने सबैको लागि शिक्षाका ६ वटा लक्ष्यहरु पूरा गर्नुपर्ने निर्धारण गऱ्यो । उक्त बैठकमा प्रत्येक सदस्य राष्ट्रले प्रत्येक नागरिकलाई सन् २०१५ सम्ममा आधारभूत शिक्षा उपलब्ध गराई छाड्ने वचनवद्धता जाहेर गरेका छन् (बस्नेत, २०६०) ।

नेपालको विविध शैक्षिक गतिविधिलाई सबैका लागि शिक्षा सम्बन्धी कार्यक्रमको मूल प्रवाहमा ल्याउन राष्ट्रिय सरकारी, अन्तर्राष्ट्रिय तथा गैर सरकारी क्षेत्रबाट विभिन्न किसिमका छात्रवृत्ति सम्बन्धी कार्यक्रमहरु लागू भएका छन् । यी विभिन्न मुद्धाहरुलाई सम्बोधन गर्न र शिक्षामा सबैको पहुँच बढाउन र शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने उद्देश्यका साथ छात्रवृत्ति तथा सहुलियत कार्यक्रमहरु प्रमुख रणनीतिका रुपमा देखापरेको छ । अझ विशेष रुपमा भन्नु पर्दा शिक्षामा समता सम्बन्धी मुद्धालाई सम्बोधन गर्नका लागि छात्रवृत्ति तथा सहुलियत कार्यक्रमलाई सुविधाविहिन तथा गरीव बालबालिकाको शिक्षामा हुने लागत घटाई शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमको रुपमा लिइएको छ । यस्ता कार्यक्रमहरुले एकातिर समग्र शैक्षिक प्रणालीको सक्षमता अभिवृद्धि गर्न भर्नादर, टिकाउदर, उत्तीर्णदर र नियमितता बढाउन मद्धत गर्छ भने अर्कोतर्फ बीचैमा कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने, अनियमित हुने जस्ता शैक्षिक क्षति न्यूनीकरण गरी गरीब बालबालिकालाई शिक्षा हासिल गर्न र उपलब्धि अभिवृद्धि गर्न हौसला र प्रेरणा बढाउँछ (शिक्षा विभाग २०६३) ।

वास्तवमा गरीब, पिछडिएका र सुविधाविहिन विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नु भनेको शिक्षा प्राप्त गर्न उनीहरुलाई उत्साहित गर्नु हो । अझ प्रभावकारी र गुणात्मक शिक्षातर्फ उन्मुख गराउनु हो । सिकाई उपलब्धिमा गुणात्मकता प्राप्त गर्न प्राथमिक उमेर समूहका बालबालिकाहरु भावनात्मक रुपले सक्षम हुँदैनन् । भौतिक वस्तुहरुको प्रयोग तथा सहयोगले उनीहरुमा इच्छा, चाहाना, रुचि पैदा गर्न सकिन्छ । त्यसैले यस उमेर समूहका बालबालिकाहरुको सिकाइ रुचिपूर्ण बनाउन छात्रवृत्तिको भूमिका महत्वपूर्ण मानिन्छ । मानव सभ्यताको विकाससँगै शिक्षाको सुरुवात भएको हो

र कुनै न कुनै नामको छात्रवृत्ति वितरण गर्ने गरिएको थियो (रावत, २०६३) । प्राथमिक उमेर समूहका बालबालिकालाई भावनात्मकरुपले भन्दा भौतिक वस्तुको सहयोगले उनीहरुको सिकाइमा रुचि पैदा गर्न सकिन्छ र त्यस्तो भौतिक वस्तु नै छात्रवृत्ति हुन सक्दछ ।

शिक्षा पाउनु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो । संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र सन १९४८ मा शिक्षा पाउनु हरेक व्यक्तिको मानव अधिकार भनिएको छ । यसै गरी सन १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाले बालबालिका महासन्धि १९८९ पारित गऱ्यो जसले शिक्षा पाउनु बालकको जन्मसिद्ध अधिकार मानेको छ (शिक्षा विभाग, २०६३) ।

सन २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सवैका लागि शिक्षाका लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिवद्ध छ । यो लक्ष्य प्राप्तिका लागि आगामी सन् २०१५ सम्मका लागि शैक्षिक विकासलाई मार्गदर्शन गर्न नेपाल सरकारले सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सन २००१ - २०१५ र सवैका लागि शिक्षा २००४ - २००९ कार्यक्रम मार्फत आर्थिक, भौगोलिक, सामाजिक रुपले पछाडि परेका बालबालिकालाई छात्रवृत्तिको माध्यमले शिक्षाको मूलधारमा समाहित गर्ने नेपाल सरकारको कार्यक्रम वमोजिम छात्रा छात्रवृत्तिको व्यवस्था भएको छ ।

वास्तवमा धार्मिक, भाषिक, सास्कृतिक, आर्थिक एवं जातीय दृष्टिले पछि परेका बालबालिकाहरुको लागि छात्रवृत्ति कार्यक्रम प्रयोगमा ल्याइएका छन् । अहिलेसम्मको प्रक्रियामा धनी र पहुँचवालाका छोराछोरीहरुले मात्र छात्रवृत्तिबाट लाभान्वित हुन पाएका छन् । काठमाडौंका धेरैजसो धनी बाबुआमाका छोराछोरीहरु र जिल्लाका आर्थिक पहुँच भएका सीमित व्यक्तिहरुका नातेदारहरु शिक्षाका लागि विदेश पठाइएका छन् । परिणामतः गरीबको अवस्थामा कुनै देखिने सुधार भएको छैन (राष्ट्रिय योजना आयोग २०११) । नेपाल जस्तो अविकसित देशका लागि गरिबी निवारण गर्न शिक्षामा समान पहुँच र गुणस्तरमा अभिवृद्धि गर्ने गरी विविध कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् र संसारभरि शिक्षामा समान पहुँच र गुणस्तर

सम्बन्धी मुद्धाहरुलाई सम्बोधन गर्न आ-आफ्नै परिवेश अनुसार प्रयासहरु जारी गरेका छन् र नयाँ नयाँ उपायहरुको खोजी पनि भइरहेको छ ।

## १.२ समस्याको कथन

प्राथमिक तह शैक्षिक संरचानाको प्रारम्भिक र आधारभूत तह हो । आम बालबालिकाहरुलाई प्राथमिक तहमा विद्यालय शिक्षामा समाहित गराउनु आजको आवश्यकता हो । आम बालबालिकाहरलाई विद्यदालय शिक्षाको मूलधारमा समाहित गराउन नेपाल सरकारले ५०% छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, सीमान्तकृत छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति र २०६७ पछि १००% छात्रा छात्रवृत्ति आदि नामका छात्रवृत्तिहरुको व्यवस्था गरेको छ ।

नेपालमा शिक्षा क्षेत्रमा छुट्याइएको रकममध्ये ५५ प्रतिशतभन्दा बढी आधारभूत तहको शिक्षामा खर्च गरिंदै आएको छ । आधारभूत तहमा सकारात्मक विभेदीकरणका रुपमा छात्राहरुलाई छात्रवृत्ति प्रदान गरिने रकममा गरिएको लगानीको के कस्तो उपलब्धि प्राप्त भएको छ ? उक्त छात्रवृत्ति रकमको सही उपयोग भएको छ छैन ? छात्रवृत्ति रकम लक्षित समूहमा पुगेको छ त ? के छात्रवृत्तिले छात्राहरुको भर्नादरलाई सघाउ पुऱ्याएको छ त ? यी प्रश्नहरुको जवाफ खोज्नु नितान्त आवश्यक भएको आजको सन्दर्भमा शैक्षिक चेतनाको कमीको कारण र कमजोर आर्थिक अवस्थाको कारण छोरीहरुको विद्यालय शिक्षामा न्यून सहभागिता र उपलब्धिमा न्यून प्रभावकारिता रहेको पाइन्छ । यसर्थ उपर्युक्त जिज्ञासाहरुको समाधानार्थ प्रस्तावित शोध अध्ययनमा प्राथमिक तहमा छात्रा छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनबाट छात्राहरुको विद्यालय भर्नादरमा परेको प्रभावलाई समस्याको रुपमा लिई त्यसको अध्ययन विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शोधको यस शीर्षक अन्तरगत गरिएको अध्ययन अनुत्तरित रहेका प्रश्नहरुको उत्तर खोजी गर्ने कार्यमा महत्वपूर्ण रहने विश्वास राखिएको छ । यस अध्ययनबाट प्राप्त भएको प्राप्तिले नीति निर्माण तह, कार्यान्वयन तह र सेवाग्राही वर्ग समेत

शिक्षामा सरोकार राख्ने सम्पूर्ण वर्ग र पक्षहरुलाई सामान्य रुपमा भए पनि दिशानिर्देश गर्नेछ ।

शिक्षामा सबैको पहुँच पुऱ्याउन र सिकाइलाई उत्साहित बनाई लक्षित उद्देश्यहरु पूरा गराउन आधारभूत तहमा नेपाल सरकारले छात्रा छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । छात्रवृत्ति कार्यक्रम कसरी सञ्चालन भएको छ ? छात्रवृत्ति वितरणमा के कस्ता समस्याहरु छन् ? शिक्षामा राज्यले गरेको लगानी कुन हदसम्म सार्थक हुन सकेको छ ? छात्रवृत्ति वितरण कार्यक्रमले प्राथमिक तहका बालबालिकाको भर्नादरमा कस्तो प्रभाव पारेको छ ? यी विषयहरुमा खोजी गर्न र समाधानका उपाय पत्ता लगाउन यो अध्ययन औचित्यपूर्ण हुनेछ ।

छात्रवृत्ति कार्यक्रमले विद्यार्थी भर्नादरमा पारेको प्रभाव, दलित छात्रवृत्तिको प्रभावकारिता, छात्रा छात्रवृत्तिको प्रभावकारिता आदि विषयमा अध्ययन भइसकेको पाइए पनि छात्राहरुले प्राप्त गर्ने आर्थिक सहायताले उनीहरुको विद्यालय भर्नामा सहयोग गरेको छ छैन, छात्रवृत्ति वितरणमा कस्ता समस्याहरु छन् आदि पक्षहरुमा सोच्ने कार्यको थालनी गरिनसकेको पाइएकाले यस विषयमा अध्ययन गर्न औचित्यपूर्ण हुने ठानेर यस विषयमा शोध मार्फत अध्ययनलाई केन्द्रित गरिएको छ ।

यसै पृष्ठभूमिमा यस विषयमा झापा जिल्लाको दुर्गापुर स्रोतकेन्द्र अन्तरगतका प्राथमिक तहका विद्यालयहरुको अध्ययन गर्दा पनि छात्रा छात्रवृत्तिको विद्यमान अवस्था, समस्या र समाधानका लागि केही संकेतहरु मिल्न सक्ने र भविष्यमा यस विषयमा अझै गहन अध्ययन गर्न ढोका खुल्न सक्ने भएकाले यस विषयको अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

क. विद्यालयहरुमा छात्रा छात्रवृत्ति वितरणको अवस्था पहिचान गर्नु ।

ख. छात्रा छात्रवृत्तिले बालिकाको शैक्षिक उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्नु ।

ग. छात्रा छात्रवृत्ति वितरण सम्बन्धी समस्याहरु समाधान गरी बालबालिकाको विद्यालय भर्ना वृद्धि गर्नका लागि उपयुक्त सुझाव प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

प्राथमिक तहमा छात्रा छात्रवृत्तिले विद्यालय भर्नामा पारेको प्रभाव अध्ययन गर्नका लागि निम्न अनुसन्धनात्मक प्रश्नहरु राखिएका छन् ।

क. विद्यालयमा छात्रा छात्रवृत्ति वितरणको अवस्था के कस्तो रहेको छ ?

ख. छात्रा छात्रवृत्ति वितरणलाई प्रभाव पार्ने पक्षह के कस्ता छन् ?

ग. छात्रा छात्रवृत्ति वितरणले छात्राहरुको भर्नादरमा कस्तो प्रभाव पारेको छ ?

घ. छात्रा छात्रवृत्ति वितरणसँग सम्बन्धित समस्याहरु के के छन् ? त्यसलार्य के कसरी समाधान गर्न सकिन्छ ?

## १.६. अध्ययनको परिसीमा

शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि गरिएको यस अनुसन्धानमा स्रोत साधन र समयको निश्चितता छ । अध्ययनको निश्चित लक्ष्य र उद्देश्य पूरा गर्न झापा जिलाको दुर्गापुर स्रोतकेन्द्रभित्रका सामुदायिक विद्यालयहरुलाई अध्ययनको क्षेत्र बनाइएको छ । दुर्गापुर स्रोतकेन्द्र अन्तरगतको कनकाई न.पा. बाट आदर्श विद्यामन्दिर उच्च माध्यमिक विद्यालय, डाँगीवारी गा.वि.स. बाट गौरीशंकर उच्च माध्यमिक विद्यालय र चकचकी गा.वि.स. बाट घोडामारा निम्न माध्यमिक विद्यालय सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ । यस अध्ययनमा छनोटमा परेका विद्यालयहरुको आधारभूत तहमा छात्रा छात्रवृत्ति वितरण तथा शैक्षिक उपलब्धि सम्बन्धी २०६८, २०६९ र २०७० गरी तीन वर्षका सूचना र तथ्याङ्कहरुका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

यो अध्ययन प्राथमिक तहमा सीमित गरिएको छ र यो अध्ययन सीमित समय, स्रोत र साधनको घेराभित्र रही गरिएको हुँदा यसबाट प्राप्त निष्कर्ष राष्ट्रव्यापी रुपमा सामान्यीकरण गर्न सकिने छैन ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयमा अध्ययन तथा अनुसन्धान गर्न त्यस विषयसँग सम्बन्धित रहेका पूर्व साहित्यहरुको समीक्षा गर्नु आवश्यक हुन्छ । पूर्वसाहित्यको अध्ययन र समीक्षाले आफूले गर्ने अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्ने भएकोले यस अध्ययन अनुसन्धानमा पनि केही सम्बन्धित शोधपत्र, लेख रचना, पुस्तक आदिको आधारमा सम्बन्धित साहित्यको समीक्षा तथा पुनरावलोकन गरिएको छ ।

सेरिड (१९९९) का अनुसार छात्रा र महिलासँग सम्बन्धित छात्रवृत्ति कार्यक्रम लक्षितसमूहमा प्रभावकारी नभई लक्षित उद्देश्य प्राप्त हुन नसकेको तथ्य उल्लेख गर्दै सम्बन्धित सेवाक्षेत्रका समुदायलाई कार्यक्रमप्रति सचेत र जागरुक नबनाई छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको कमजोे पक्षलाई औंल्याएको छ । अध्ययनले छात्रवृत्ति कार्यक्रम सम्बन्धी सक्षम र सकृय सामाजिक परीक्षण प्रणाली जिल्ला तहमा नै हुनुपर्ने सुझाव पेश गरेको छ । छात्रा तथा महिलासँग सम्बन्धित छात्रवृत्ति कार्यक्रम लक्षित समूहमा प्रभावकारी नभई उद्देश्य पूरा हुन नसकेको विषयले यस अध्ययनमा कार्यक्रम असफल हुनाका कारणहरु गहिरिएर अध्ययन गर्न, खोज्न सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६०) ले अनौपचारिक शिक्षामा आदिवासी, जनजाति र अल्पसङ्ख्यक सवाल विषयक लेखमा नेपालको साक्षरताको तथ्याङ्क अत्यन्तै न्यून रहेको विषयलाई प्रस्तुत गरेका छन् । बढी निरक्षर व्यक्तिहरुमा विशेषतः आदिवासी, जनजाति र अल्पसङ्ख्यक समूह नै रहेको कुरा प्रस्तुत गरेका छन् । यी निरक्षर समुदाय समाजको अग्र स्थानमा रहेका समुदायभन्दा निक्कै तल र दयनीय जीवन बिताइरहेका छन् र राष्ट्रिय मूलधारभन्दा बाहिर छन् भनेका छन् । नेपालमा साक्षरताको स्तर वृद्धि हुँदै गइरहेको अवस्था देखाइए पनि यी जातजातिको अवस्था जस्ताको तस्तै रहेको छ र कुनै सुधार हुन सकेको छैन । औपचारिक शिक्षामा समेत यस्ता समुदायका बालबालिकाको सहभागिता न्यून छ र जति सहभागी हुन सकेका छन् तिनीहरुको उपलब्धि समेत सकारात्मक छैन । त्यसैले उनीहरुको शैक्षिक स्तर उकास्न

सरकारी क्षेत्रबाट उल्लेखनीय प्रयास हुन नसकेको कुरा उक्त लेखमा उल्लेख गरिएको छ ।

सेरिड (२०६०) ले खोटाङ, पर्सा, नवलपरासी, कपिलवस्तु र दार्चुला जिल्लाहरुमा प्राथमिक तहका बालबालिकाहरुका लागि शैक्षिक सहुलियत कार्यक्रम, प्राथमिक तहका सबै छात्राहरुलाई छात्रवृत्ति, दलित छात्रवृत्ति र गैर सरकारी संस्थाबाट गरिएका सहयोग सम्बन्धी कार्यक्रम समेटी अध्ययन गरेको छ । अध्ययनले सञ्चालित कार्यक्रमको व्यवस्थापन पक्षको कमजोरी औंल्याएको छ । यसमा व्यवस्थापन पक्ष आफ्नो भूमिका, दायित्व, अधिकार र जावाफदेहितामा सकारात्मक नरहेको देखाइएको छ । केन्द्रीय स्तरबाट हुने अनुगमन, रेखदेख र मूल्याङ्कन संयन्त्र व्यवस्थित र पारदर्शी नभएका कारण गाउँ स्तरसम्म नकारात्मक असर परेको अध्ययनमा उल्लेख गरिएको छ । यस प्रकार अध्ययनले छात्रवृत्ति वितरण कार्यक्रमका आधारहरु पारदर्शी नभएकोले छात्रवृत्ति वितरणले लक्षित वर्ग लाभान्वित हुन नसकेको तथ्य स्पष्ट पारेको छ ।

नेपालको अन्तरिम संविधान (२०६३) अनुसार राज्यको नीति अन्तर्गत शिक्षा, स्वास्थ्य आदिमा आरक्षणको व्यवस्था गरी सामाजिक र आर्थिक रुपले पिछडिएका आदिवासी, जनजाति, मधेसी, दलित लगायत सिमान्तकृत समुदाय र गरिवीको रेखामुनि रहेकालाई उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्ने कुरा उल्लेख छ । यसरी अन्तरिम संविधानले शिक्षामा पछि परेका जातजाति र गरिवीले सताइएकालाई शिक्षा, स्वास्थ्य आदिमा उत्थान गर्ने नीति अनुसार आरक्षणको व्यवस्था गरी शिक्षामा सबैको पहुँच पुऱ्याउने र शैक्षिक उपलब्धि उकास्ने प्रयास अत्यन्तै सकारात्मक छ ।

रावत (२०६३) ले सुर्खेत जिल्ला अन्तर्गत प्राथमिक तहमा छात्रा छात्रवृत्ति प्रभावकारिता एक अध्ययन नामक शोधपत्रमा  रावतले छात्रवृत्तिको वर्तमान अवस्था पहिचान गर्ने, छात्रवृत्तिले बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन र शैक्षिक गुणस्तर वृद्धि गर्न भए गरेको प्रयास विश्लेषण गर्ने उद्देश्यका साथ अध्ययन गरेको पाइयो । रावतले दलित समुदाय, दलित विद्यार्थी र विद्यालयप्रति दलित छात्रवृत्तिको प्रभाव सकारात्मक रहेको विषयलाई शोधकर्ताले निष्कर्षमा राख्नु भएको छ । वर्तमान

अवस्थाको महंगीमा छात्रवृत्ति रकम न्यून भए पनि दलित छात्रवृत्तिले गरिवीको रेखामुनि रहेको विपन्न वर्गका दलित बालबालिकालाई विद्यालयको पहुँचमा ल्याई सर्वव्यापी प्राथमिक शिक्षाको अवधारणालाई सफल बनाउने उद्देश्यका साथ छात्रवृत्ति कार्यक्रमलाई वास्तविक गरिव पहिचान गरी कार्यान्वयनमा ल्याउनुपर्ने सुझाव पेश गरिएको छ । यसै गरी यो छात्रवृत्ति वितरण शैक्षिक शत्रको शुरुमै जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा समिति प्रतिनिधि, स्रोतकेन्द्र प्रतिनिधि र अन्य सरोकारवालाहरुको सहभागितामा औपचारिक कार्यक्रमको साथ गर्दा बढी प्रभावकारी हुने विचार शोधकर्ताले प्रस्तुत गर्नुभएको छ । यसै गरी छात्रवृत्ति कार्यक्रमलाई अझ प्रभावकारी बनाउन यसलाई गुणस्तरीय शिक्षासँग जोड्नुपर्ने र शिक्षामा गरिने लगानी बालुवामा पानी हाले सरह हुन दिनु नहुने कुरा समेत रावतले प्रस्तुत गरेका छन् । उक्त शोधपत्रले दलित बालबालिकाले पढ्नु पर्दछ र अभिभावकलाई बालबालिका पढाउनुपर्छ भन्ने चेतना विकास गराएको कुराको निष्कर्ष प्रस्तुत गरेको छ ।

ओस्ती (२०६५) ले प्राथमिक तहमा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता अध्ययन नामक शोधपत्र मोरङ जिल्ला अन्तरगत जनपथ स्रोतकेन्द्र अन्तरगतका सामुदायिक विद्यालयहरुमा अध्ययन गरी तयार पार्नुभएको छ । उक्त शोधपत्रमा अध्ययनको उद्देश्य प्राथमिक शिक्षामा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्ने रहेको छ । यस अध्ययनले छात्रा छात्रवृत्ति कार्यक्रमले छात्राहरुको भर्नारद वृद्धि गरेको, कक्षा छोड्नेदर घटाएको, विद्यार्थी नियमितताको वृद्धि गरेको, कक्षा उत्तीर्ण दर बढाएको र सिकाइ उपलब्धिको स्थितिमा सुधार गरेको तथ्यलाई प्रष्ट पारेको छ । यो छात्रवृत्ति कार्यक्रम गरिव र पिछडिएका बालबालिकाका लागि भर्नादर वृद्धि गर्ने र सिकाइ उपलब्धि बढाउने एक सहत्वपूर्ण माध्यम वनेको तर छात्रवृत्ति रकम न्यून भएकोले गरीव वर्गलाई ठूलो प्रभाव पार्न भने नसकेको विषयलाई शोधपत्रमा प्रस्तुत गरिएको छ । यसै गरी कहीँ धनी वर्गको छात्राले छात्रवृत्ति प्राप्त गर्ने गरेको र कतै गरीव वर्गका छात्रा छात्रवृत्तिबाट वञ्चित रहेको पाइएकोले यो कार्यक्रमले वास्तविक विपन्न वर्गलाई समेट्न सक्नुपर्ने सुझाव उक्त शोधपत्रमा उल्लेख गरिएको छ ।

पोखरेल (२०६७) ले आफ्नो शोधपत्रमा इलाम जिल्लामा अन्तर्गत श्रीअन्तु गा.वि.स. भित्रका सामुदायिक विद्यालयमा गरेको प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी भर्नादरमा पारेको प्रभाव सम्बन्धमा शोधपत्र तयार पार्नुभएको छ । उक्त अध्ययनमा शोधकर्ताले अध्ययनको प्राप्तिमा छात्रवृत्ति रकम न्यून भएको, छात्रवृत्ति रकम वितरण गर्ने विद्यालयको समय उपयुक्त नभएको, प्राप्त छात्रवृत्ति अभिभावकले दुरुपयोग गर्ने गरेको, लक्षित समूहभित्र पनि सबैले छात्रवृत्ति प्राप्त गर्न नसक्ने भएकोले विद्यार्थी छनोट गर्न स्पष्ट आधार नभएकोले गाह्रो हुने गरेको र छात्रवृत्ति वितरण सम्बन्धमा सम्बन्धित निकायबाट अनुगमन तथा निरीक्षण नहुने गरेकोले रकमको दुरुपयोग बढेको र छात्रवृत्तिको प्रभावकारिता बारे खोजी नहुने गरेको विषयलाई प्रस्तुत गर्नु भएको छ । यी यावत समस्याहरुको वावजुद पनि छात्रवृत्ति कार्यक्रमले समग्रतामा विद्यालयमा भर्नादर वृद्धि गरेको, कक्षा नियमितता र उत्तीर्णदरमा वृद्धि भएको तथा कक्षा छोड्नेदर र कक्षा दोहोऱ्याउने दर घटेको अध्ययन विश्लेषण गर्नुभएको छ । छात्रवृत्ति सम्बन्धी कार्यक्रमलाई स्पष्ट, पारदर्शी र उद्देश्योन्मुख बनाउन नीति निर्माण तहका लागि कक्षा बढ्दै जाँदा शैक्षिक सामग्रीको मूल्य बढ्दै जाने हुनाले कक्षा १ मा प्रदान गरिने छात्रवृत्ति र कक्षा ५ मा प्रदान गरिने छात्रवृत्ति रकम बराबर हुनु नहुने भएकाले यसतर्फ ध्यानदिनुपर्ने सुझाव पेश गरिएको छ भने वितरण गरिने छात्रवृत्ति कार्यक्रमको अनुगमन र निरीक्षण गर्ने र समयसापेक्ष विस्तारित कार्यक्रम प्रस्तुत गर्न नीति निर्माण तहलाई सुझाव दिइएको छ । यसै गरी जिल्ला तहले विद्यालयको अनुगमन र निरीक्षण गर्नुपर्ने, अभिभावकहरुलाई सचेतना कार्यक्रम गर्नुपर्ने, छात्रवृत्ति रकमको चुहावट र अनियमितता गर्नेलाई दण्डको व्यवस्था गर्नुपर्ने आदि सुझाव पेश गरिएको छ भने स्थानीय तहलाई कोटा छनोटका स्पष्ट आधारहरु निर्माण गर्न, औपचारिक कार्यक्रमका साथ छात्रवृत्ति वितरण गर्न जस्ता विषयहरुमा सुझाव पेश गर्नुभएको छ । इलाम जिल्लामा गरिएको यो अध्ययन छात्रवृत्तिको वितरणको वर्तमान अवस्था, छात्रवृत्ति वितरणको प्रभावकारिताको विश्लेषण, वितरण प्रक्रियाका समस्या र समाधानका उपायहरु पत्ता लगाउने उद्देश्यका साथ गरिएको देखिन्छ ।

यी पूर्व शोध तथा सम्बन्धित साहित्यको अध्ययनमा छात्रवृत्तिको प्रभाव बारे अध्ययन भएको पाइएको तर विद्यार्थी भर्नादरमा परेको प्रभाव बारेमा कुनै पनि

साहित्य केन्द्रित भएको नपायएकोले छात्रा छात्रवृत्तिले भर्नादरमा पारेको प्रभावमा केन्द्रित भई प्रस्तावित शोध अध्ययन पूरा गरिएको छ ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययनलाई व्यवस्थित ढंगले अगाडि बढाउने क्रममा प्रसिद्ध विद्वान तथा विचारकहरुद्वारा प्रतिपादन गरेका सिद्धान्तहरुसँग शोधकर्ताले आफ्नो अध्ययनको विषयसँग सम्बन्ध गरी नयाँ रुप दिनुपर्दछ । यस सम्बन्धी विभिन्न सिद्धान्तसँग जोडेर अध्ययन गर्न निम्न विद्वान र तिनका सिद्धान्तसँग जोडेर विश्लेषण गरिएको छ ।

इभान पी. प्याभलभ (सन् १९०४) को शास्त्रीय सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त अनुसार सिकाइलाई उत्तेजना र प्रतिक्रियासँग आवद्ध गरेर वर्णन गरिएको छ । यस सिद्धान्तमा प्राकृतिक र अप्राकृतिक उत्तेजनाहरुबीच सम्बन्ध स्थापना गरी समान प्रतिक्रिया उत्पन्न गराइन्छ । यसलाई स्थानापन्न सिकाइ पनि भनिन्छ (रेग्मी र साथीहरु, २०६१) । प्याभलभका अनुसार सिकाइलाई उत्तेजना र प्रतिकृयामा आवद्ध गरिन्छ साथै प्राकृतिक र अप्राकृतिक उत्तेजनाहरुको सम्बन्ध स्थापना गरी समान प्रतिक्रिया उत्पन्न गराइन्छ । यस सिद्धान्त अनुसार नै छात्रवृत्ति कार्यक्रमले विद्यार्थीमा उत्तेजना उत्पन्न गराउने र प्रतिक्रियाका रुपमा सिकाइ हुने गर्दछ । सिकारुमा रहेको अन्तरनिहित उत्तेजना र छात्रवृत्तिले प्रभाव पारेको उत्तेजनाको सम्बन्ध स्थापित भई समान प्रतिक्रिया उत्पन्न हुन्छ र प्रतिक्रियाको परिणाम स्वरुप सिकाइप्रति रुचि बढ्ने गर्दछ ।

यसरी सिकाइ सिद्धान्तहरुको व्यवहारिक पक्षलाई हेर्दा छात्रवृत्ति कार्यक्रमले आधारभूत तहका विद्यार्थीहरुमा उत्प्रेरकको रुपमा कार्य गर्दछ । यस तहका बालबालिकाहरु भावनात्मक वस्तुभन्दा भौतिक वस्तुप्रति बढी आकर्षित हुने हुँदा यस तथ्यलाई छात्रवृत्तिले प्रतिनिधित्व गरी सिकाइप्रति रुचि जगाउँछ ।

मनोवैज्ञानिक थर्नडाइक (१९१३) को सम्बलनको सिद्धान्त अनुसार सकारात्मक सम्बलनले सिकारुलाई सिकाइप्रति अभिप्रेरित गरी सिकारुका राम्रा बानी र व्यवहारहरुको निर्माणका लागि प्रोत्साहित गर्दछ भने नकारात्मक सम्बलनले

सिकारुका नराम्रा बानीहरुलाई निरुत्साहित गरी सिकाइका लागि क्रियाशील बनाउँछन् । सम्बलन प्राप्त प्रतिक्रियाहरु कुनै परिस्थितिमा दोहोरिन्छन् भने सम्बलन प्राप्त नभएमा प्रतिक्रियाहरु अवरुद्ध हुन्छन् (पन्त, २०५४) ।

विद्यालयमा भर्ना भएका छात्राहरुले छात्रवृत्ति प्राप्त गर्न विद्यालयमा नियमित हुने र सिकाइ गर्ने हुनाले यहाँ छात्रवृत्तिले सकारात्मक सम्बलनको काम गर्दछ यसले विद्यालय भर्ना हुने उमेर समूहका विद्यालय बाहिर रहेका बालिकाहरुलाई समेत विद्यालयसम्म आउन उत्प्रेरकको रुपमा कार्य गर्दछ । यहाँ छात्रवृत्ति रकम एउटा उद्दीपक हो जसले विद्यालयमा प्रवेश गराउने, नियमितता गराउने र सिकाइमा प्रेरित गर्ने कार्य गर्दछ । यसरी थर्नडाइकले माछा र कुकुरमा गरेको प्रयोगका आधारमा यो प्रयोग मानिसमा पनि गर्न सकिने प्रष्ट पारेका छन् । उनको यो सिद्धान्तले प्रत्येक प्रयासमा कुनै न कुनै प्रकारको सम्बलनको आवश्यकता हुन्छ जसको कारणले प्रयासहरु दोहोरिइरहन्छन् र बानी निर्माण प्रभावकारी हुदै जान्छ भन्ने तथ्यलाई प्रष्ट्याएको छ । यसरी नै विद्यार्थीहरु छात्रवृत्ति प्राप्त गर्ने आसमा विद्यालय आउने, नियमित हुने र सिकाइ उपलब्धि बढाउने काम गर्दछन् । यहाँ छात्रवृत्तिले सकारात्मक सम्बलनको काम  गर्दछ ।

बी एफ स्किनर (सन् १९३०) को कार्यवाहक सम्वद्ध सिकाइ सिद्धान्त अनुसार कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा गराउनु पर्दछ तर त्यो उत्तेजना पुनर्वलयुक्त हुनुपर्दछ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाई सिकाइ प्राप्त गर्न सकिन्छ । सिकारुहरुको व्यवहारलाई चाहे अनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहारप्रति ठीक समयमा नै पुनर्वल प्रदान गर्न नसक्दा त्यसको असर नकारात्मक पनि हुन सक्दछ । नकारात्मक आदत वा आधार निर्माण हुन सक्छ । सामान्य परिणामको आँकलन गरी प्रतिक्रिया अनुसार पुनर्वल प्रदान गर्दै रहनु पर्दछ (शर्मा एण्ड शर्मा २०६१) ।

मुलुकमा लैङ्गिक विभेद तथा अन्य विभिन्न कारणहरुले पिछाडिएका तथा आधारभूत शिक्षाको अवसर नपाएका बालबालिकाको संख्या ठूलो छ । विद्यालयको पहुँचमा नआएकालाई पहुँचमा ल्याउन, सिकाइ उपलब्धि हासिल गर्दै गरेकालाई

निरन्तरता प्रदान गर्न र अझ वढी सिकाइतर्फ अभिप्रेरित गर्न आवश्यक हुन्छ । समुदायका यस्ता बालबालिकाको आधारभूत शिक्षामा सहभागिता, नियमितता, कक्षा उत्तीर्ण तथा तह पूरा गर्नेदर कम रहेको कारणले यिनीहरुलाई राष्ट्रिय मूलधारमा समाहित गर्न आधारभूत १०० प्रतिशत छात्रा छात्रवृत्ति कार्यक्रम सञ्चालनमा आएको छ । विद्यालय भर्ना नहुने, भर्ना भए पनि विद्यालयमा नियमित नहुने, कक्षा दोहोऱ्याउने र अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न नसकिरहेको अवस्थामा यो कार्यवाहक सम्वद्ध सिकाइ सिद्धान्त अनुसार छात्रवृत्ति कार्यक्रम सुविधाविहिन बालबालिकाका लागि उत्तेजना प्रदान गर्ने पुनर्वल हुन सक्दछ । विद्यालय भर्ना गराउने, विद्यालयमा नियमित गराउने, सिकाइप्रति उत्प्रेरित गराउने, सिकाइमा गुणात्मक वृद्धि गराउने जस्ता प्रतिक्रियापरक व्यवहार हुन सक्दछन् । यसरी यस्तो कार्यक्रमले विद्यालयमा विद्यार्थीको नियमितता वृद्धि गरी पठनपाठनमा सक्रियता बढाउँछ । यसरी लगाातार पुनर्वल तालिकामा जस्तो विद्यालयमा भर्ना हुने, नियमित विद्यालय जाने, कक्षा उत्तीर्ण हुने, सिकाइ उपलब्धिमा गुणात्मक सुधार गर्नेलाई छात्रवृत्तिमा निरन्तरता दिन सकिन्छ । लक्षित वर्गका छात्राहरुले नियमितता र लगनशीलताका आधारमा अनिश्चित पुनर्वल तालिका जस्तै कुनै पनि वेला छात्रवृत्ति प्राप्त गर्न सक्दछन् । छात्रवृत्ति कार्यक्रमलाई विद्यालयमा पहुँच वृद्धि गर्ने गुणात्मक साधनको रुपमा अभ्यस्त गराउन सकिन्छ ।

## २.३ शैक्षिक उपादेयता

कुनै पनि विषयमा अध्ययन गर्नका लागि त्यस विषयमा गरिएका पूर्व अध्ययन खोज अनुसन्धान गर्न आवश्यक हुन्छ । हालसम्म छात्रवृत्ति सम्बन्धी स्थापित सिद्धान्त र ती सिद्धान्त अनुसार भए गरेका खोज तथा अन्य सम्बन्धिन साहित्यहरुले यस अध्ययनलाई मार्गदर्शन गर्न सहयोग गरेका छन् । यस अध्ययनमा प्रस्तुत सैद्धान्तिक खाकाले यस अध्ययनलाई अगाडि बढाउन सहयोग गरेको छ । किन कि यो अध्ययन त्यही सैद्धान्तिक खाका अनुसार नै गरिएको छ । अहिलेसम्म भए गरेका यस विषयसँग सम्बन्धित खोज र ती खोजको यस अभ्ययनसँग सम्बन्ध स्थापित हुन्छ । आधारभूत तहमा वितरण हुँदै आएका छात्रवृत्ति कार्यक्रमहरु सम्बन्धमा पूर्ववर्ती अधयनकार्यहरुको जानकारी सम्बन्धित साहित्यको पुनरावलोकनवाट प्राप्त गर्न सकिन्छ । पुनरावलोकनबाट नवीन खोज गर्न र अध्ययनरतका लागि कार्यक्रमको

प्रभावकारी कार्यान्वयनका लागि योजना तर्जुमा गर्न र व्यवस्थापन गर्न  मार्गदर्शन प्राप्त हुन्छ । हालसम्म भएका खोज कार्य र त्यसले सम्बन्धित क्षेत्रमा पारेको प्रभाव थाहा पाउन साथै खोज र अध्ययन गर्न बाँकी रहेका विषय क्षेत्रहरुको पहिचान गर्न र अझ बढी गहन र व्यवस्थित अध्ययन पूरा गर्न पूर्वसाहित्यको समीक्षा र सैद्धान्तिक खाकाले सहयोग पुऱ्याउने हुनाले यिनको उपयोगिता प्रष्ट झल्कने देखिन्छ ।

सेरिड (१९९९) को पुनरावलोकनले राष्ट्रिय स्तरमा नै छात्रवृत्ति कार्यक्रमको अवस्थालाई प्रष्ट्याएकाले यसबाट अध्ययनक्षेत्रको अवस्था समेत तुलनात्मक रुपमा विश्लेषण गर्ने दृष्टिकोण प्राप्त भएको छ । त्यसरी नै रावत (२०६३), ओस्ती (२०६५) र पोखरेल (२०६७) को पुनरावलोकनबाट मुलुकका विभिन्न क्षेत्रमा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता बारे जानकारी प्राप्त भएको छ । मनोवैज्ञानिकहरु इभान पी. प्याभलभ (सन् १९०४), थर्नडाइक (१९१३) र बी एफ स्किनर (सन् १९३०) को पुनरावलोकनबाट सिकाइका सिद्धान्त र पुनर्बलन सम्बन्धमा सैद्धान्तिक आधार निर्माण भएको छ । यसका साथै छात्रवृत्ति कार्यक्रम पुनर्बलको रुपमा सिकाइ उपलब्धि वृद्धिमा सहयोगी बन्न सके नसकेको तुलना गर्नमा यी सिद्धान्तहरुले सहयोग गरेका छन् ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अध्ययनको विधि अन्तरगत अनुसन्धानको ढाँचा, जनसंख्या, नमुना, नमुनाको आकार, नमुना छनोट प्रक्रिया, तथ्याङ्कको स्रोत र सङ्कलनका साधनहरु तथा तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियाको बारेमा उल्लेख गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत शोधका लागि सङ्कलित तथ्याङ्कहरुलाई वर्णनात्मक र संख्यात्मक दुवै विधिबाट प्रस्तुतीकरण र व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । त्यसकारण प्रस्तुत शोधकार्य गुणात्मक र परिमाणात्मक दुवै गुणयुक्त मिश्रित ढाँचाको रहेको छ । अन्तरवार्ता, प्रश्नावली, समूह छलफलबाट प्राप्त तथ्याङ्कलाई गुणात्मक ढङ्गले व्याख्या विश्लेषण गरिएको छ भने अभिलेख अध्ययनबाट प्राप्त तथ्याङ्कलाई परिमाणात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२. जनसंख्या तथा नमुना छनोट

### ३.२.१ जनसंख्या

यस अध्ययनको जनसंख्याको रुपमा झापा जिल्ला दुर्गापुर स्रोत केन्द्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु र तिनका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष तथा अभिभावकलाई लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनलाई पूरा गर्नका लागि झापा जिल्ला भित्र रहेका १७ वटा स्रोतकेन्द्रहरु मध्ये दुर्गापुर स्रोतकेन्द्रलाई नमुनाको रुपमा लिइएको छ । यस स्रोतकेन्द्र भित्रका तीनवटा सामुदायिक विद्यालयलाई नमुना छनोटमा लिइएको छ । नमुनाको आकारलाई निम्नानुसार तालिकीकरण गरिएको छ ।

तालिका १ : नमुनाको आकार

| क्र.सं. | विद्यालय | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
|---|---|---|---|---|---|---|
| १ | श्री आदर्श विद्या मन्दिर उ.मा.वि., घैलाडुब्बा | १ | १ | ३ | ५ | २ |
| २ | श्री गौरीशंकर उ.मा.वि., डाँगीवारी | १ | १ | ३ | ५ | २ |
| ३ | श्री घोडामारा नि.मा.वि., चकचकी | १ | १ | ३ | ५ | २ |
| | जम्मा | ३ | ३ | ९ | १५ | ६ |

### ३.२.३ नमुना छनोट विधि

यस अध्ययनलाई पूरा गर्नका लागि मुख्यतया उद्देश्यपूर्ण नमुना छनोट विधि, सम्भावनायुक्त नमुना छनोट विधि र सुविधायुक्त नमुना छनोट विधिलाई अवलम्बन गरिएको छ । यस अध्ययनका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उद्देश्यमूलक नमुना छनोट विधिबाट, शिक्षक र विद्यालय छनोट गर्दा सम्भावनायुक्त नमुना छनोट विधि र अभिभावक छनोटमा सुविधायुक्त नमुना छनोट विधि प्रयोग गरिएको छ । विद्यालयमा प्रधानाध्यापक र अध्यक्ष १/१ जना रहने हुँदा उद्देश्यमूलक विधि, विद्यार्थी र शिक्षकको संख्या धेरै हुने भएकाले सम्भावनायुक्त विधि र अभिभावकको छनोट शोधकर्तालाई सुविधा हुने गरी सुविधायुक्त नमुना छनोट विधिका आधारमा गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरु

यस अध्ययनलाई पूर्णता दिन निम्नानुसारका अनुसन्धानका साधनहरुलाई प्रयोग गरिएको छ ।

**क. प्रश्नावली**

प्राथमिक तहमा छात्रा छात्रवृत्तिले विद्यार्थी भर्नामा पारेको प्रभाव पत्ता लगाउन विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी र शिक्षकबाट प्रश्नावली मार्फत सूचना प्राप्त गरी व्याख्या विश्लेषण गरिएको छ। (प्रश्नावलीको नमुना अनुसूची १ देखि ४ मा संलग्न गरिएको छ।)

**ख. अन्तरवार्ता**

विद्यार्थी भर्नामा छात्रा छात्रृत्तिको प्रभाव पत्ता लगाउन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग असंरचित अन्तरवार्ता सञ्चालन गरी जानकारी प्राप्त गरिएको छ।

**ग. विद्यालय सर्वेक्षण फाराम**

विद्यालयमा वितरण गरिदै आएको छात्रा छात्रवृत्ति र यसले विद्यार्थी भर्नामा पारेको प्रभावबारे सूचनाहरु प्राप्त गर्न विद्यालयका विभिन्न पक्षहरुको अवलोकन गरी टिपोट गरिएको छ। सर्वेक्षण फारामको नमुना अनुसूची ५ र ६ मा संलग्न गरिएको छ।)

**घ. समूह छलफल**

यस अध्ययनमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु, तिनका अभिभावकहरुसँग समूह छलफल गराइएको छ। विद्यार्थी-विद्यार्थी बीच र अभिभावक स्तरमा समेत छलफल चलाई प्राप्त सूचनाहरुलाई सङ्कलन गरी विश्लेषण गरिएको छ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

प्रस्तुत अध्ययनलाई विस्तारित रुपमा अघि बढाउन र अध्ययनलाई यथार्थपरक बनाउन तथ्याङ्क सङ्कलन गर्ने क्रममा निम्न अनुसार स्रोतलाई प्रयोग गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकलाई प्रश्नावली वितरण गरी शोधकर्ताकै उपस्थितिमा

भर्न लगाइएको छ । सरोकारवाला पक्षसँग सामूहिक छलफल गरी उनीहरुको विचार र निष्कर्षलाई पनि प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ । विद्यालयका प्रधानाध्यापक र वि.व्य.स अध्यक्षसँग अन्तवार्ता लिई सूचना सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तर्गत विद्यालयको शैक्षिक तथ्याङ्क र स्थानीय निकायबाट प्राप्त तथ्याङ्कको प्रयोग गरिएको छ । यसमा विद्यालयको विद्यार्थी भर्ना वही, विद्यार्थी हाजिरी वही, वर्षिक परीक्षा लब्धाङक वही, छात्रवृत्ति वितरण सम्बन्धी राखिएका अभिलेखहरु प्रयोग गरिएको छ । यसै गरी प्रस्तावित अध्ययनसँग सम्बन्धित शोधपत्रहरु, विभिन्न लेख रचना आदिलाई समेत द्वितीय स्रोतको रुपमा यस अध्ययनमा प्रयोगमा ल्याइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनको उद्देश्य पूरा गर्न परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्याङ्क र सूचनाहरु आवश्यक पर्ने भएकोले सोही अनुसारका तथ्याङ्क र सूचनाहरु सङ्कलन गरिएको छ । योजनाले कुन काम कहिले गर्ने र कसरी गर्ने भन्ने निर्देश गर्ने भएकोले तथ्याङ्क सङ्कलनको कार्य सरल हुने आशा राख्न सकिन्छ । तथ्याङ्क सङ्कलन गर्दा शोधकर्ता आफैं सम्बन्धित विद्यालयमा गई त्यस विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी तथा अभिभावकसँग सम्बन्ध स्थापित गरी अध्ययनको प्रयोजन बारे जानकारी गराई सम्बन्धित सरोकारवालाबाट सत्य तथ्य जानकारी लिने प्रयत्न गरिएको छ । प्राथमिक तथ्याङ्कहरु मौलिक हुने भएकोले शोधकर्ता आफैंले प्रश्नावली, अन्तरवार्ता, अवलोकन फाराम निर्माण गरी सम्बन्धित व्यक्तिहरुसँग अनुमति र स्वीकृति लिई स्थलगत क्षेत्रबाटै तथ्याङ्कहरु र सूचनाहरुको सङ्कलन गरिएको छ । यसै गरी लिखित दस्तावेजहरुको तुलनात्मक अध्ययन गरिएको छ र विभिन्न जनसङ्ख्याबाट लिइएका सूचना तथा तथ्य तथ्याङ्कहरुको तुलनात्मक विश्लेषण गरी तार्किक निष्कर्षद्वारा प्रमाणिकता सुनिश्चित गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्कहरुको सङकलन गर्ने कार्य पूरा गरी सकेपछि सङ्कलित तथ्याङ्कहरु र सूचनाहरुलाई स्रोत र विषयवस्तुका आधारमा अलग अलग विषयवस्तुका रुपमा तालिकीकरण गरिएको छ। प्रश्नावली, अन्तवार्ता, लिखित दस्तावेज, अध्ययन अवलोकन आदिबाट प्राप्त सूचना, टिपोट तथा तथ्याङ्कहरुलाई स्पष्ट पार्न आवश्यकता अनुसार वृत्तचित्र, स्तम्भचित्र, रेखाचित्र र अन्य तथ्याङ्कशास्त्रीय विधिहरुको समेत प्रयोग गरी मिश्रित विधिबाट व्याख्या र विश्लेषण गरिएको छ। सङ्कलित गुणात्मक तथ्याङ्कलाई गुणात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ।

# परिच्छेद चार : नतिजाको छलफल

यस अध्ययनमा झापा जिल्लाको दुर्गापुर स्रोत केन्द्रभित्र नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरूका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिक्षक विद्यार्थी र अभिभावकहरूबाट सङ्कलन गरिएका सूचना र तथ्याङ्कहरू तथा दुवै स्रोतहरूबाट प्राप्त हुन आएका तथ्य, तथ्याङ्क र सूचनाहरूलाई विभिन्न शिर्षकहरूमा प्रस्तुत गरी तालिकीकरण र विवेचना गरिएको छ। यस अध्ययनको उद्देश्य पूरा गर्न प्राथमिक तहमा वितरण गरिंदै आएको छात्रा छात्रवृत्ति वितरणको पहिचान गरी छात्रवृत्ति वितरणको कार्यक्रमबाट विद्यार्थी भर्नाको अवस्थामा परेको प्रभावको उपलब्धिको तुलनात्मक अध्ययन विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ।

## ४.१ विद्यालयमा छात्रवृत्ति वितरणको अवस्था

नेपाल सरकारले वि.सं. २०५३/२०५४ मा छात्रवृत्ति कार्यक्रम लागू गरे यता विभिन्न शीर्षकमा छात्रवृत्तिको रूपमा नगद तथा जिन्सी वितरण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सिद्धान्त अनुसार छात्रवृत्ति वितरणले विद्यालय तहका बालबालिकाहरूलाई भौतिक वस्तुको प्राप्ति गराउँदछ। विद्यालय उमेर समूहका बालबालिकाहरू भौतिक (ठोस) वस्तुको प्राप्तिबाट उत्साहित हुने र सम्बन्धित कार्यमा निरन्तर लगाव दिने मनोवैज्ञानिक तथ्य छ।

नेपाल सरकारले शिक्षामा समान पहुँच र गुणस्तरमा सुधार गर्नको लागि वि.सं. २०७२ सम्ममा विद्यालय स्तरमा धेरै किसिमका छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याएको छ। राष्ट्रिय स्तरमा विद्यालयको तहगत रूपमा छात्रवृत्ति सम्बन्धी के कति कोटा छन् र कति रकम छात्रवृत्ति वितरण शीर्षकमा खर्च गर्दै आएको छ भन्ने अध्ययनको क्रममा तथ्याङ्क प्राप्त गर्न नसकिएको तर राज्यले झापा जिल्लाका विद्यालयहरूका लागि वितरण गरेको छात्रवृत्ति कोटा र रकम सम्बन्धी तथ्याङ्क अध्ययनको क्रममा प्राप्त भएकोले उक्त तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २ : प्राथमिक तहमा वितरित छात्रवृत्ति रकमको विवरण

| क.सं. | छात्रवृत्तिको प्रकार | कोटा | जम्मा रकम | प्रति विद्यार्थी (रु) |
|---|---|---|---|---|
| १ | १०० % छात्रा | ४८,७९२ | २,०२,२२,०००।- | ४००।- |
| २ | दलित | १८,४१० | ९९,६२,०००।- | ५००।- |
| ३ | अपाङ्ग | ७२६ | ५,४४,५००।- | ५००।-<br>१०००।- |
| | **जम्मा** | ६७,९२८ | ३,०७,२८,५००।- | |

स्रोत- अभिलेख, जि.शि.का, झापा (२०७२)

तालिका २ अनुसार झापा जिल्लाभित्र शैक्षिक सत्र २०७२ मा प्राथमिक तहमा कूल ६७,९२८ वटा छात्रवृत्ति कोटा रहेको र विभिन्न नामका छात्रवृत्ति रकमहरू फरक-फरक भएका र उक्त कोटाको कूल रकम ३,०७,२८,५००।- छात्रवृत्ति शीर्षकमा खर्च भएको देखिन्छ । राज्यले गरेको यस्तो लगानीको प्रतिफलको अवस्था जानकारी लिन आवश्यक भएकोले अध्ययन क्षेत्र भित्रका विद्यालयहरुमा विद्यार्थी भर्नाको अवस्था अध्ययन गर्न विभिन्न तरिकाहरू प्रयोग गरिएको छ ।

### ४.१.१ छात्रवृत्ति वितरण सम्बन्धी विवरण

नेपाल सरकारको सामुदायिक प्राथमिक विद्यालय तहमा विभिन्न शीर्षकमा विभिन्न प्रकारका छात्रवृत्तिहरू वितरण गरेको छ । वि.सं. २०६७ भन्दा अघिको ५०% छात्रा छात्रवृत्ति र त्यसपछि १००% छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, अति सिमान्तकृत छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति आदि कार्यक्रम सञ्चालन गरिएका छन् । सरकारी क्षेत्रबाट वितरण गरिने छात्रवृत्ति बाहेक निजी तथा व्यक्तिगत छात्रवृत्ति र प्रतिभा पुरस्कार पनि वितरण गर्दै आएको पाइएको र उक्त कार्य उल्लेखनीय मान्न सकिन्छ । अध्ययन क्षेत्र भित्रका नमुना छनोटमा परेका विद्यालयहरूमा जिल्ला शिक्षा कार्यालयले वितरण गरेको छात्रा छात्रवृत्तिको विवरणलाई निम्नानुसार तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३ : प्राथमिक तहमा १००% छात्रा छात्रवृत्ति वितरण सम्बन्धी विवरण

| विद्यालयको नाम | जम्मा छात्रा | छात्रवृत्ति प्राप्त गर्ने संख्या |
|---|---|---|
| आदर्श विद्या मन्दिर उ.मा.वि. | १६७ | १६७ |
| गौरीशंकर उ.मा.वि. | १५० | १५० |
| घोडामारा नि.मा.वि. | ४९ | ४९ |
| जम्मा | ३६६ | ३६६ |

स्रोत : स्थलगत अध्ययन (२०७२)

तालिका ३ मा अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ३ वटा विद्यालयहरुमा प्राथमिक तहमा छात्राको भर्ना संख्या र छात्रवृत्ति प्राप्त गर्ने संख्या देखाइएको छ । आदर्श विद्यामन्दिर उच्च माध्यमिक विद्यालयमा कक्षा १ देखि ५ सम्ममा जम्मा १६७ जना छात्रा रहेको र १६७ जनाले नै छात्रवृत्ति पाएको देखिन्छ भने गौरीशंकर उच्च माध्यमिक विद्यालयमा १५० जना छात्रा रहेकोमा १५० जनाले नै र घोडामारा निम्न माध्यमिक विद्यालयमा ४९ जना छात्रा रहेकोमा ४९ जनाले नै छात्रवृत्ति प्राप्त गरेको देखिन्छ ।

### ४.१.२ छात्रवृत्ति वितरण गर्ने तरिका

छात्रवृत्ति वितरण कार्यक्रम नीति अनुसार हुने भएकोले यस प्रक्रियामा केन्द्रीय तह, जिल्ला तह र स्थानीय तहको संयुक्त प्रयासमा कार्य विभाजन गरी सञ्चालन हुँदै आएको देखिन्छ । केन्द्रीय तहमा छात्रवृत्ति र यसको वितरण सम्बन्धी नीति निर्माण गर्ने, छात्रवृत्तिको बजेट तयार गर्ने, तल्लो तहसँग विद्यार्थी तथ्याङ्क माग गर्ने र निकासा गर्ने कार्य गर्दछ । यसै गरी जिल्ला तहबाट स्थानीय तहसँग विद्यार्थी तथ्याङ्क माग गर्ने र केन्द्रमा पठाउने कार्यका साथै केन्द्रीय तहबाट प्राप्त छात्रवृत्ति रकम विद्यालय तहमा निकासा दिने, रकम वितरण गर्न लगाउने र त्यसको अनुगमन निरीक्षण तथा निर्देशन दिने प्रक्रिया हुन्छ ।

विद्यालय तह छात्रवृत्ति वितरण गर्ने प्रत्यक्ष निकाय हो । केन्द्रीय तहबाट विनियोजन भएको र जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको छात्रवृत्ति रकम आ-आफ्नो विद्यालयमा अध्ययनरत कोटामा परेका विद्यार्थीलाई वितरण गर्ने कार्य विद्यालय

तहबाट हुने गर्दछ । विद्यालयले छात्रवृत्ति रकम वितरण गर्दा कुनै औपचारिक समारोह बिना नै विद्यार्थी वा निजका बुबा आमा वा संरक्षकलाई बोलाएर वितरण गर्ने गरेको पाइयो । छात्रवृत्ति स्वरुप जिन्सी भन्दा नगद रकम नै वितरण गर्ने गरेको पाइयो भने अधिकांश विद्यार्थीका बुबाले छात्रवृत्ति बुझ्ने गरेको पाइयो । विद्यार्थी स्वयंले छात्रवृत्ति रकम पाउने गरेको कम देखिएकोले छात्रवृत्तिको प्रभाव विद्यार्थीमा कम पर्न जाने देखिन्छ ।

प्राप्त तथ्याङ्क अनुसार छात्रवृत्ति वापत प्राप्त हुने रकम बुझ्ने क्रममा ४६.६७ प्रतिशत बाबु, ३० प्रतिशत आमा विद्यालयमा आई रकम लिने गरेको पाइयो भने विद्यार्थी स्वयंले छात्रवृत्ति रकम बुझ्ने वा पाउने प्रतिशत २३.३३ पाइयो ।

### ४.१.३ छात्रवृत्ति वितरणको समय

अध्ययनको क्रममा छात्रवृत्तिको वितरण समय प्रत्येक शैक्षिक सत्रमा एक पटक गर्ने गरेको पाइयो । प्रत्येक विद्यालयले आफ्नो अनुकूल बनाएर फरक-फरक समयमा छात्रवृत्ति वितरण गर्ने गरेको अथवा वितरण समयमा एकरुपता नभएको पाइयो । शैक्षिक सत्रको सुरु, मध्य र अन्त्य गरी तीन ओटा समय हुन सक्नेमा नमुना छनोटमा परेका विद्यालयले विशेष गरी शैक्षिक सत्रको शुरुको समय प्रयोग गर्ने गरेको पाइयो । छात्रवृत्ति रकम शैक्षिक सत्रको शुरुतिर प्रायः वितरण गर्ने गरिएको पाइएको विद्यालयका सरोकारवालाहरूसँगको भेटघाट, छलफल, अन्तरक्रिया र भराइएका प्रश्नावलीका आधारमा थाहा पाइयो । ती व्यक्तिहरूसँगको प्रतिक्रियाको आधारमा छात्रवृत्ति वितरण गर्न उपयुक्त समय निम्नानुसार हुनुपर्ने कुरा सुझाव स्वरुप प्राप्त भएको छ ।

प्राथमिक तहमा वितरण तरिदै आएको छात्रा छात्रवृत्ति वितरणका लागि कुन समय उपयुक्त हुन्छ भनी सोधिएको प्रश्नमा ६४.६५ प्रतिशतले शैक्षिक सत्रको सुरुमा उपयुक्त हुने कुरा व्यक्त गरे पाइयो भने २६.५८ प्रतिशतले शैक्षिक सत्रको मध्यमा उपयुक्त हुन्छ भन्ने र शैक्षिक सत्रको अन्त्यमा उपयुक्त हुन्छ भन्ने पक्षमा भने ८.७५ प्रतिशतको सहमति रहेको पाइयो । प्रत्येक उत्तरदाताको विचार फरक-फरक भए पनि

शैक्षिक सत्रको शुरु र यसपछि शैक्षिक सत्रको मध्य समयमा छात्रवृत्ति वितरणको कार्यक्रमको समय उपयुक्त हुने भन्नेको संख्या बढी पाइयो ।

शैक्षिक सत्रको शुरुको समयमा नै छात्रवृत्ति रकम विद्यार्थीले प्राप्त गर्दा विपन्न वर्गका विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री खरीद गर्न आर्थिक रूपले सहयोग पुग्ने, यसले थप हौसला प्रदान गर्ने, विद्यार्थी भर्नादर वृद्धि गर्न समेत सहयोग पुग्ने देखिन्छ ।

## ४.२ छात्रवृत्ति वितरणको प्रभाव

### ४.२.१ छात्रा सहभागिताको अवस्था

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका विद्यालयहरुको विगत ३ शैक्षिक सत्रको प्राथमिक तहको छाधा सहभागिता निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४ : विद्यालयमा बालिका सहभागिताको विवरण

| कक्षा | साल | आदर्श | | | गौरीशंकर | | | घोडामारा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | २०७० | ३७ | ३६ | ७३ | २८ | २९ | ५७ | ३ | १४ | १७ |
| | २०७१ | ५० | ३७ | ८७ | १७ | ३७ | ५४ | १० | ७ | १७ |
| | २०७२ | २४ | १८ | ४२ | १४ | ३६ | ५० | १२ | ९ | २१ |
| २ | २०७० | ४१ | ३५ | ७६ | १८ | ३२ | ५० | १० | १४ | २४ |
| | २०७१ | ३१ | २८ | ५९ | ३६ | ३३ | ६९ | ४ | १२ | १६ |
| | २०७२ | २२ | २५ | ४७ | ३१ | ३३ | ६४ | ४ | १३ | १७ |
| ३ | २०७० | ३२ | ४६ | ७८ | २९ | ४१ | ७० | ३ | १६ | १९ |
| | २०७१ | ४३ | ३६ | ७९ | २२ | ३७ | ५९ | १३ | १५ | २८ |
| | २०७२ | ४६ | २३ | ६९ | २१ | ३३ | ५४ | १३ | १८ | ३१ |
| ४ | २०७० | ३५ | ३६ | ७१ | ४९ | ४१ | ९० | ८ | ३ | ११ |
| | २०७१ | ३८ | ३६ | ७४ | ४६ | ४३ | ८९ | २ | १६ | १८ |
| | २०७२ | ३७ | ३३ | ७० | ४७ | ४१ | ८८ | ३ | १७ | २० |
| ५ | २०७० | ५४ | ५९ | ११३ | ३९ | ३२ | ७१ | ८ | ११ | १९ |
| | २०७१ | ४१ | ३९ | ८० | ३८ | ३६ | ७४ | १२ | ६ | १८ |
| | २०७२ | ३८ | ३६ | ७४ | ३७ | ३३ | ७० | १७ | १६ | ३३ |
| जम्मा | २०७० | १९९ | २१२ | ४११ | १६३ | १६५ | ३२८ | ३२ | ५८ | ९० |
| | २०७१ | २०३ | १७६ | ३७९ | १५९ | १८६ | ३४५ | ४१ | ५६ | ९७ |
| | २०७२ | १६७ | १३५ | ३०२ | १५० | १७६ | ३२६ | ४९ | ७३ | १२२ |

स्रोत : विद्यालय अभिलेख

माथिको तालिकालाई अध्ययन गर्दा आदर्श विद्या मन्दिर उच्च माध्यमिक विद्यालयको प्राथमिक तहमा शैक्षिक सत्र २०७० मा १९९ छात्रा र २१२ छात्र, शैक्षिक सत्र २०७१ मा २०३ छात्रा र १७६ छात्र र शैक्षिक सत्र २०७२ मा १६७ छात्रा र १३५

छात्र भर्ना भएको देखिन्छ। अर्थात तीनवटै शैक्षिक सत्रको छात्रा र छात्रको भर्ना संख्यामा खासै अन्तर देखिंदैन।

त्यसरी नै गौरीशंकर उच्च माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०७० मा १६३ छात्रा र १६५ छात्र, शैक्षिक वर्ष २०७१ मा १५९ छात्रा र १८६ छात्र र शैक्षिक वर्ष २०७२ मा १५० छात्रा र १७६ छात्र भर्ना भएको देखिन्छ। यस विद्यालयमा पनि विद्यार्थी भर्नामा खासै अन्तर रहेको देखिंदैन।

घोडामारा निम्न माध्यमिक विद्यालयमा भने यस शैक्षिक वर्ष २०७० मा ३२ छात्रा र ५८ छात्र, शैक्षिक वर्ष २०७१ मा ४१ छात्रा र ५६ छात्र र शैक्षिक वर्ष २०७२ मा ४९ छात्रा र ७३ छात्र भर्ना भएको देखिन्छ। यस विद्यालयमा विद्यार्थी भर्ना क्रमशः वृद्धि भएको तथ्याङ्कले देखाएको छ।

### ४.२.२ विद्यार्थी भर्नाको तुलनात्मक अवस्था

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका विद्यालयहरुको विगत तीन वर्षको विद्यार्थी भर्नाको तथ्याङ्कलाई तुलनात्मक रुपमा विश्लेषण गर्न निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५ : विद्यार्थी भर्नाको तुलनात्मक विवरण


| विद्यालय | छात्रा | | | छात्र | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७२ | २०७० | २०७१ | २०७२ | २०७० | २०७१ | २०७२ |
| आदर्श | १९९ | २०३ | १६७ | २१२ | १७६ | १३५ | ४११ | ३७९ | ३०२ |
| गौरीशंकर | १६३ | १५९ | १५० | १६५ | १८६ | १७६ | ३२८ | ३४५ | ३२६ |
| घोडामारा | ३२ | ४१ | ४९ | ५८ | ५६ | ७३ | ९० | ९७ | १२२ |

स्रोत : विद्यालय अभिलेख

तालिका ७ अनुसार आदर्श विद्यामन्दिर उच्च माध्यमिक विद्यालयमा २०७० मा १९९ छात्रा भर्ना भएकोमा २०७१ मा बढेर २०३ र २०७२ मा घटेर १६७ भएको छ। त्यसरी नै गौरीशंकर उच्च माध्यमिक विद्यालयमा २०७० मा १६३ छात्रा भर्ना भएकोमा २०७१ र २०७२ मा घटेर क्रमशः १५९ र १५० भएको छ। त्यस्तै

घोडामारा निम्न माध्यमिक विद्यालयमा २०७० मा ३२ छात्रा भर्ना भएकोमा २०७१ र २०७२ मा बढेर क्रमशः ४१ र ४९ पुगेको छ । यस तथ्याङ्कलाई निम्नानुसार रेखाचित्रमा प्रस्तुत गरिएको छ :

चित्र १ : विद्यार्थी भर्नाको तुलनात्मक विवरण




### ४.२.३ विद्यार्थी नियमितता

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका विद्यालयहरुको विद्यार्थी नियमितता सम्बन्धी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६ : विद्यार्थी नियमितताको अवस्था (२०७१)

| क.सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | विद्यालय सञ्चालन भएको दिन | विद्यार्थीको औसत उपस्थिति दिन | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्रवृति पाउने | | छात्रवृत्ति नपाउने | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | आदर्श वि.म | २१९ | १८२ | १३७ | ७५.२७ | १३२ | ७१.३५ |
| २ | गौरीशंकर | २२० | १८० | १४८ | ८२.२ | १४५ | ८०.५ |
| ३ | घोडामारा | २२२ | १९० | १५१ | ७९.४७ | १४० | ७३.६८ |

स्रोत : विद्यालय अभिलेख

अध्ययन क्षेत्र अन्तरगत सवैभन्दा वढी दिन विद्यालय खुल्नेमा घोडामारा नि.मा.वि. २२२ दिन र कममा आदर्श  विद्यामन्दिर उ.मा.वि. २१९ दिन रहेका छन् । प्राप्त तथ्याङ्क अनुसार बढी दिन पढाइ सञ्चालन हुने विद्यालय घोडामारा नि.मा.वि. र कममा गौरीशंकर उ.मा.वि देखिन्छ । छात्रवृत्ति प्राप्त गर्ने र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरूको तुलना गर्दा आदर्श विद्यामन्दिर उ.मा.वि मा छात्रवृत्ति नपाउने भन्दा पाउनेको उपस्थिति प्रतिशत ३.९२ ले बढी देखिन्छ भने गौरीशंकर उ.मा.वि.मा छात्रवृत्ति पाउनेको उपस्थिति प्रतिशत १.७% ले बढी देखिन्छ । त्यस्तै घोडामारा नि.मा.वि. मा छात्रवृत्ति पाउनेको उपस्थिति प्रतिशत छात्रवृत्ति नपाउनेको प्रतिशत भन्दा ५.७९% ले बढी देखिन्छ । तीनवटै विद्यालयहरूको उपस्थिति प्रतिशतलाई हेर्दा छात्रवृत्ति पाउनेको औसत उपस्थिति छात्रवृत्ति नपाउनेको औसत उपस्थिति भन्दा उच्च छ ।

### ४.२.४ विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था

यस अनुसन्धानात्मक अध्ययनका लागि शैक्षिक उपलब्धिको रूपमा प्राथमिक तहको औसत कक्षागत उपलब्धिलाई आधारको रुपमा लिइएको छ । औसत शैक्षिक उपलब्धिको अवस्थालाई  निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७ : औसत कक्षागत शैक्षिक उपलब्धि

| कक्षा | शैक्षिक वर्ष | आदर्श विद्यामन्दिर | | | गौरीशंकर | | | घोडामारा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | २०६९ | ४८.५६ | ४९.५७ | ४९.०७ | ५१.६६ | ५२.२५ | ५१.९६ | ४२.०५ | ४३.१३ | ४२.५९ |
| | २०७० | ४९.१० | ४९.६६ | ४९.३८ | ५०.९६ | ५०.५० | ५०.७३ | ३९.८३ | ३८.७१ | ३९.२७ |
| | २०७१ | ५१.५७ | ५०.११ | ५०.८४ | ५१.५० | ५०.४१ | ५०.९६ | ४०.५३ | ४१.५३ | ४१.०३ |
| २ | २०६९ | ४६.६६ | ४७.७१ | ४७.१९ | ४९.५८ | ५०.६८ | ५०.१३ | ४१.५६ | ४३.०० | ४२.२८ |
| | २०७० | ४७.५१ | ४८.५३ | ४८.०२ | ५०.२५ | ४९.७३ | ४९.९९ | ४२.३३ | ४३.७१ | ४३.०२ |
| | २०७१ | ४९.५१ | ५०.०७ | ४९.७९ | ४९.८३ | ५१.२५ | ५०.५४ | ४३.१३ | ४३.२३ | ४३.१८ |
| ३ | २०६९ | ४९.५७ | ४९.३१ | ४९.४४ | ५४.६१ | ५५.८० | ५५.२१ | ३८.१३ | ३९.१३ | ३८.६३ |
| | २०७० | ५०.०० | ५१.११ | ५०.५६ | ५४.१८ | ५३.९० | ५४.०४ | ३८.५० | ४०.५१ | ३९.५० |
| | २०७१ | ५२.५३ | ५२.७७ | ५२.६५ | ५६.१३ | ५६.८६ | ५६.५ | ४०.५१ | ४१.०० | ४०.७६ |
| ४ | २०६९ | ४७.११ | ४७.७३ | ४७.४२ | ४१.२८ | ४२.४२ | ४१.८५ | ३६.५७ | ३८.२१ | ३७.३९ |
| | २०७० | ४७.८८ | ४७.८७ | ४७.८८ | ४३.४२ | ४२.१४ | ४२.७८ | ३६.८५ | ३९.५७ | ३८.२१ |
| | २०७१ | ४८.११ | ४८.१७ | ४८.१४ | ४२.४२ | ४३.०७ | ४२.७५ | ४१.३१ | ४२.२३ | ४१.७७ |
| ५ | २०६९ | ४६.५३ | ४६.७१ | ४६.६२ | ४२.०० | ४०.७१ | ४१.३६ | ३८.५१ | ३९.२७ | ३८.८९ |
| | २०७० | ४६.७१ | ४६.९७ | ४६.८४ | ४०.४२ | ४१.०७ | ४०.७५ | ३९.०० | ३९.९१ | ३९.४५ |
| | २०७१ | ४६.९७ | ४७.३७ | ४७.१७ | ४०.७१ | ४३.५६ | ४२.१४ | ४१.५७ | ४२.५७ | ४२.०७ |
| औसत | | ४७.६९ | ४८.२१ | ४७.९५ | ४७.८३ | ४८.३७ | ४८.१ | ३९.३६ | ४०.५५ | ३९.९५ |
| | | ४८.२४ | ४८.८३ | ४७.०३ | ४७.८५ | ४७.४७ | ४७.६६ | ३९.३ | ३९.८९ | ३९.६ |
| | | ४९.७४ | ४९.७ | ४९.७२ | ४८.१२ | ४९.०३ | ४८.५८ | ४१.४१ | ४२.११ | ४१.७६ |

स्रोत : विद्यालयको अभिलेख

तालिका ७ मा प्रस्तुत गरिएको नमुना छनोटमा परेका तीनवटै विद्यालयको प्राथमिक तहको कक्षागत औसत सिकाइ उपलब्धिलाई विश्लेषण गर्दा आदर्श विद्यामन्दिर उच्च माध्यमिक विद्यालयमा २०६९ मा छात्राको औसत सिकाइ उपलब्धि ४७.६९ रहेकोमा यो बढेर २०७० मा ४८.२४ र २०७१ मा ४९.७४ भएको छ ।

त्यसरी नै गौरीशंकर उच्च माध्यमिक विद्यालयमा २०६९ मा छात्राको औसत सिकाइ उपलब्धि ४७.८३ रहेकोमा यो बढेर २०७० मा ४७.८५ र २०७१ मा ४८.१२ भएको छ । तर घोडामारा निम्न माध्यमिक विद्यालयमा प्राथमिक तहमा छात्राहरुको औसत सिकाय उपलब्धि २०६९ मा ३९.३६ रहेकोमा २०७० मा घटेर ३९.६ र २०७१ मा बढेर ४१.४१ भएको देखिन्छ । यसरी हेर्दा आदर्श विद्यामन्दिर उच्च माध्यमिक विद्यालयमा र गौरीशंकर उच्च माध्यमिक विद्यालयमा छात्रा छात्रवृत्तिले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ । यो प्रभाव घोडामारा निम्न माध्यमिक विद्यालयमा भने प्रबल देखिंदैन ।

## ४.३ छात्रा छात्रवृत्ति वितरण सम्बन्धी समस्याहरू

छात्रवृत्ति कार्यक्रम एउटा योजनावद्ध कार्यक्रम हो । योजना कार्यान्वयन गर्दा यसको नतिजा मूल्याङ्कन गरिनु पर्दछ । योजना कार्यान्वयन गर्ने क्रममा विभिन्न समस्याहरू उत्पन्न हुन सक्दछन् । विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम अन्तर्गत लक्षित समूहहरू पनि फरक फरक र रकम पनि फरक फरक छन् । छात्रवृत्ति वितरण सम्बन्धी समस्याहरूको पहिचान गर्न आवश्यक छ । त्यसैले यस अनुसन्धानात्मक अध्ययनसँग सम्बन्धित नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि र विद्यार्थीका अभिभावकहरूसँगको कुराकानी, छलफल तथा अन्तरक्रिया र भराइएका प्रश्नावली फारमका आधारमा छात्रवृत्ति वितरणसँग सम्बन्धित निम्न अनुसारका समस्याहरूको पहिचान गरिएका छन् ।

### ४.३.१ विपन्न वर्गलाई समेट्न नसकेको

छात्रवृत्ति कार्यक्रमले सबै विपन्न वर्गलाई समेट्न नसकेकोले धनी परिवारको छात्राले छात्रवृत्ति पाउने गरेको र गरिब परिवारको छात्रले छात्रवृत्ति प्राप्त गर्न नसक्ने गरेको गुनासाहरू प्राप्त भयो ।

### ४.३.२ समयमा वितरण हुन नसकेको

छात्रवृत्ति रकमको जिल्लामा निकासा भइसकेपछि पनि समयमै विद्यालयमा कोटा अनुसार रकम निकासा हुन ढिलासुस्ती हुने गरेको पाइयो । त्यसले गर्दा

विद्यार्थीले यथासमयमा छात्रवृत्ति प्राप्त नगरी त्यसको उपयोगबाट वाञ्छित उपलब्धि प्राप्त गर्न नसकेको पाइयो ।

### ४.३.३ छात्रवृत्ति सम्बन्धमा गलत मानसिकता रहेको

छात्रवृत्तिलाई आर्थिक आर्जनको रुपमा अभिभावकले लिने गरेकाले कतिपय छात्राले छात्रवृत्ति प्राप्त गर्ने आशामा एक भन्दा बढी विद्यालयमा भर्ना गर्ने र विद्यालयमा भने नियमित रुपमा उपस्थित नहुने गरेको पाइयो । विद्यालयमा नियमित उपस्थित नहुने विद्यार्थीलाई छात्रवृत्ति रोक्का गर्दा विद्यालयले विरोधको सामना गर्नु पर्ने अवस्था सिर्जना हुने गरेको पाइयो । छात्रवृत्ति वितरण गर्ने समय अघि र पछि मात्र विद्यार्थी विद्यालयमा नियमित हुने र अन्य समयमा अनियमित हुनु र विद्यालय छोड्ने समेत गरेको पाइयो ।

### ४.३.४ छात्रवृत्ति रकम अपर्याप्त रहेको

छात्रवृत्ति रकम वर्तमान अवस्थाको महंगी सापेक्ष हुन नसकेकोले विद्यार्थीको शैक्षिक सामग्री किन्न मात्रै पनि अपुग हुने गरेको पाइयो ।

### ४.३.५ छात्रवृत्ति रकमको दुरुपयोग हुने गरेको

अभिभावकले छात्रवृत्ति रकमको उपयोग ठीक ढंगले गर्ने नगरेको पाइयो । छात्रवृत्ति रकम विद्यार्थीको शैक्षिक खर्चमा उपयोग नगरी त्यसबाट घरखर्च चलाउने गरेको र विद्यार्थीको शैक्षिक सामग्रीमा त्यसबाट खर्च नहुने गरेको पाइयो ।

### ४.३.६ विद्यार्थी भर्ना समयमा नहुने गरेको

कतिपय बालिका भर्ना समय भन्दा ढिलो गरी भर्ना हुने गरेको र यसले गर्दा समयमै तथ्याङ्क पठाउन नसक्दा त्यस्ता छात्राहरुले छात्रवृत्ति प्राप्त गर्न नसक्ने गरेको र विद्यालयसँग अभिभावकले विवाद गर्ने गरेको पाइयो ।

### ४.३.७ अभिभावकको सहभागितामा कमी

छात्रवृत्ति वितरण गर्दा अभिभावकलाई बोलाउँदा सबै जसो अभिभावक रकम लिन नआउने गरेको छात्रवृत्तिको उद्देश्यको बारेमा धेरै जसो अभिभावकलाई कमै मात्र जानकारी हुने गरेकोले समेत छात्रवृत्ति कार्यक्रम समस्याग्रस्त रहेको पाइयो ।

### ४.३.८ अनुगमनको अभाव

सरोकारवाला निकायहरूबाट छात्रवृत्ति वितरण भए नभएको र यसको प्रभावकारिता बारे जानकारी लिन अनुगमन र निरीक्षणको चासो नलिने गरेको र यसबाट छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता समेत कम भएको पाइयो ।

## ४.४ छात्रा छात्रवृत्ति प्रदान गर्दा देखा पर्ने समस्या समाधानका उपायहरु

छात्रवृत्तिका लागि लक्षित समूहका विद्यार्थी विद्यालयमा भर्ना अवधिभन्दा ढिला ल्याइने गरेकोले समयमा नै छात्रवृत्ति पाउने विद्यार्थीको तथ्याङ्क जि.शि.का.मा उपलब्ध गराउन नसक्दा छात्रवृत्ति प्रदान गर्न कठिनाई हुने गरेको र कतिपय त्यस्ता विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्न नसक्ने गरेको पाइयो । यी समस्याहरु निराकरण गर्न छात्रवृत्ति कार्यक्रमका बारेमा अभिभावकलाई सुसूचित गर्न जिल्ला शिक्षा कार्यालय र विद्यालयको संयुक्त प्रयासमा छात्रवृत्ति वितरण सम्वन्धी चेतनामूलक कार्यक्रम हरेक वर्ष विद्यालयमा गर्न गराउन उपयुक्त देखिन्छ ।

छात्रवृत्ति वितरणको वर्तमान अवस्था सम्बन्धमा विद्यालय र सरोकारवाला पक्षसँग गरिएको अन्तर्क्रिया, प्रश्नावली, अन्तर्वाताबाट प्राप्त जानकारी अनुसार निम्नानुसारका समाधानका उपायहरु प्रस्तुत गरिएको छ :

### ४.४.१ विपन्न वर्गलाई समेट्नु पर्ने

छात्रवृत्ति कार्यक्रमले सबै विपन्न वर्गलाई समेट्न नसकेकोले धनी परिवारको छात्राले छात्रवृत्ति पाउने गरेको र गरिब परिवारको छात्रले छात्रवृत्ति प्राप्त गर्न नसक्ने अवस्था भएकाले विद्यार्थीको आर्थिक अवस्थाको मूल्याङ्कन गरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइनु आवश्यक छ ।

### ४.४.२ छात्रवृत्ति समयमा वितरण गर्नु पर्ने

शैक्षिक सत्रको शुरुको अवस्थामा नै छात्रवृत्ति वितरण गर्ने परिपाटीलाई कडाइका साथ कार्यान्वयन गरी प्राप्त छात्रवृत्ति रकमबाट विद्यार्थीले शैक्षिक सामग्री खरिद गर्न सक्ने वातावरण प्रदान गर्नु पर्दछ ।

### ४.४.३ छात्रवृत्ति सम्बन्धमा अभिभावकमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुनर्पे

छात्राहरुको शैक्षिक अभियानमा सहयोग तथा प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गरिएकाले यसबाट उनीहरुको शैक्षिक प्रगतिमा सहयोग पुग्ने काम गरिदिनु पर्ने चेतना अभिभावकहरुमा जगाउन अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

### ४.४.४ छात्रवृत्ति रकममा समयसापेक्ष वृद्धि गरिनु पर्ने

छात्रवृत्ति रकम वर्तमान अवस्थाको महंगी सापेक्ष हुन नसकेकोले समयसापेक्ष छात्रवृत्ति रकममा वृद्धि गरी विद्यार्थीलार्य शैक्षिक सामग्रीको व्यवस्था थर्न पर्याप्त रकम प्रदान गर्ने व्यवस्था गर्नु आवश्यक छ ।

### ४.४.५ विद्यार्थी भर्ना समय निर्धारित हुनु पर्ने

निश्चित समयसम्म विद्यार्थी भर्ना गर्ने र त्यसपछि भर्ना पूरै बन्द गर्ने नीति कडाइका साथ लागू गर्न आवश्यक छ ।

### ४.४.६ नियमित अनुगमनको व्यवस्था

छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन तथा त्यसको प्रभावकारिता सम्बन्धमा सम्बद्ध निकायबाट नियमित रुपमा अनुगमन गरी देखिएका कमी कमजोरी सुधार गर्न आवश्यक पृष्ठपोषण दिने व्यवस्था मिलाउनु जरुरी छ ।

## ४.५ प्राप्ति

यस अध्ययनमा अवलोकन, अन्तर्वार्ता, छलफल, अन्तरक्रिया र भराइएका प्रश्नावली फारामको आधारमा प्राप्त जानकारी, सूचना र तथ्याङ्कहरूलाई साङ्केतीकरण, तालिकीकरण, व्याख्या र विश्लेषण गरी शोध पत्र तयार गरिएको छ । यसरी गरिएको अध्ययनबाट निम्न निष्कर्ष निकालिएको छ ।

प्राथमिक तहमा वितरण गरिने छात्रा छात्रवृत्ति कार्यक्रम अध्ययन क्षेत्र भित्रका विद्यालयहरूमा सञ्चालन गर्दै आएको पाइयो ।

नेपाल सरकारले शैक्षिक वर्ष २०५३/०५४ देखि छात्रवृत्ति कार्यक्रम लागू गरे यता आर्थिक अभाव र चेतनाको कमीका कारण विद्यालयप्रतिको विद्यमान

धारणामा सकारात्मक परिवर्तन भएको र आफ्ना छोरीहरूलाई विद्यालय पठाउने, छोरा र छोरी बीच विभेद नगरी विद्यालयको पहुँचमा पुऱ्याई शिक्षा प्राप्त गर्ने अवसरको सदुपयोगमा वृद्धि भएको पाइयो । शिक्षामा लगानी गर्न नसकिरहेका, आर्थिक बोझ बोकेका अभिभावकहरूको हकमा आर्थिक बोझको न्यूनीकरण गरी विद्यार्थीलाई विद्यालयप्रति आकर्षित गरेको र विद्यालयमा विद्यार्थीको नियमिततामा सुधार भएको पाइयो । छात्रवृत्ति वितरण कार्यक्रमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा गुणात्मक प्रभाव परेको नपाइएता पनि विद्यार्थी उत्तीर्ण दर कायम रहेको र उत्तीर्ण दरमा सामान्य सुधार भएको पाइयो । केही अभिभावकले छात्रवृत्ति प्राप्त गर्नको लागि मात्र विद्यालयमा बालबालिका पढाउने गरेको पाइयो भने विद्यार्थीको सिकाइ उपलब्धिको बारेमा अभिभावकलाई चासो नरहेको पाइयो ।

सैद्धान्तिक रूपमा छात्रवृत्तिले विद्यार्थी भर्नामा प्रभाव पार्ने आधार सामान्य रूपले देखिए पनि व्यवस्थित र वैज्ञानिक छात्रवृत्ति कार्यक्रमको अभाव भएको पाइयो । छात्रवृत्ति रकम वितरण गर्दा औपचारिक कार्यक्रम नगरी सामान्य रूपले वितरण गर्ने गरेको, छात्रवृत्ति रकम समय सापेक्ष नभएको, वितरण गर्ने समय उपयुक्त नभएको, केही अभिभावकले छात्रवृत्ति रकम दुरुपयोग गर्ने गरेको, छात्रवृत्ति रकम वितरण सम्बन्धमा सम्बन्धित निकायबाट अनुगमन र निरीक्षण गर्ने बारे चासो नलिएको र यसको प्रभाव बारे कसैले खोजी गर्ने नगरेको र छात्रवृत्ति रकम समयमै विद्यालयमा प्राप्त नहुने गरेको पाइयो । यी विभिन्न समस्याहरूको कारणले छात्रवृत्ति रकमले सशक्त पुनर्वलयुक्त उत्तेजनाको रूपले कार्य गर्ने आधार भए पनि छात्रवृत्तिलाई वैज्ञानिक ढंगले व्यवस्थित गर्न नसकेकोले विद्यार्थी भर्नामा अपेक्षित प्रभाव पर्न नसकेको पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्राथमिक तहको छात्रा छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव सम्बन्धमा गरिएको यस अध्ययनमा अध्ययन क्षेत्रको जनसङ्ख्याबाट प्राप्त सूचना तथा स्थलगत सर्वेक्षणबाट प्राप्त प्रतिक्रिया, तथ्याङ्कहरू, सुझाव साथै अध्ययनको प्राप्तिको आधारमा निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

प्राथमिक तहमा वितरण गरिदै आएको छात्रा छात्रवृत्ति कार्यक्रमले कमजोर नारी शिक्षाको अवस्थामा सुधार गर्नमा सहयोग पुऱ्याएको छ । सबै छात्रा विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने भएकोले छात्राको भर्नादर वृद्धि गर्न समेत सहयोग पुऱ्याएको छ । छात्रवृत्तिले बालबालिका र अभिभावकको विद्यालयप्रतिको सकारात्मक धारणाको विकास गराएको छ । यो कार्यक्रम लागु भए यता विद्यालयमा विद्यार्थीको नियमिततामा सामान्य वृद्धि भएको, विद्यार्थी उत्तीर्ण दरमा सामान्यतः वृद्धि भएको र लक्षित समूहलाई विद्यालयप्रति आकर्षित गराएको छ ।

छात्रवृत्ति रकम न्यून रहेकोले वर्तमान अवस्थाको महंगीलाई थेग्न नसकेको, छात्रवृत्ति रकम वितरण गर्दा प्रचार प्रसार नगरी तथा औपचारिक समारोह विना नै सञ्चालन गर्ने गरेकोले छात्रवृत्ति कार्यक्रमको उद्देश्यबारे ५०% भन्दा बढी अभिभावक अनविज्ञ रहेको र कार्यक्रमको उद्देश्य नै पूरा हुन नसकेको पाइएको छ । यसैगरी उद्देश्य बमोजिम छात्रवृत्तिको प्रयोग नभई यसको दुरुपयोग भएको पनि पाइएको छ । छात्रवृत्तिको प्रयोग र यसको प्रभावकारिता सम्बन्धमा सम्बन्धित निकायबाट अनुगमन र निरीक्षण हुने नगरेकोले यसको प्रभावकारिता समेत न्यून रहेको पाइएको छ ।

छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी नियमितता र सिकाइ उपलब्धिमा सङ्ख्यात्मक रूपले सामान्य वृद्धि गराएको भएता पनि गुणात्मक वृद्धिमा अति न्यून प्रभाव पारेको पाइएको छ । छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धिमा गुणात्मक प्रभाव पार्न सक्ने सैद्धान्तिक आधार रहे पनि छात्रवृत्ति कार्यक्रमको वैज्ञानिक ढंगले व्यवस्थापन हुन नसकेको र यसको व्यवस्थापनको लागि जिम्मेवार पक्षबाट पहल भइ नरहेकोले उद्देश्य अनुरुप उपलब्धि नभएर अत्यन्तै न्यून

रहेको छ । छात्रवृत्ति वितरणको अवस्थामा संलग्न विभिन्न पक्षहरूमा कमी र कमजोरीहरू पाइएको छ । लक्षित समूहलाई कार्यक्रमको बारेमा सचेत र जागरुक नवनाई र औपचारिक कार्यक्रमको रुप नदिई छात्रवृत्ति वितरण गर्ने गरेको पाइएको छ । छात्रवृत्तिको रूपमा रकम नगद मात्रै वितरण गर्ने गरेको र अन्य स्टेशनरी सामग्रीहरू वितरण गर्ने नगरेको पाइयो ।

यसै गरी छात्रवृत्ति कार्यक्रमले सबै विपन्न वर्गका बालबालिकाहरूलाई समेट्न नसकेको, लिङ्गीय र जातीय आधार मात्रै प्रमुख आधार बनाइएको, सानो सङ्ख्यामा रहेका छात्रवृत्तिका प्रकारहरूको वितरण समय निश्चित र वैज्ञानिक ढंगले पहिचान हुन नसकेको पाइयो । यसै गरी छात्रवृत्तिको प्रयोग २५ प्रतिशतदेखि अधिकतम ५० प्रतिशत रकम मात्रै शैक्षिक उपलब्धिको सुधारको दिशामा खर्च गर्ने गरिएको अन्तरक्रियात्मक प्रतिक्रियाबाट जानकारी पाइएको छ भने कक्षाको बढ्दो क्रम अनुसार छात्रवृत्ति रकम बढेको क्रममा नभएको पाइएको छ ।

## ५.२ सुझाव

यस खोज अध्ययनका क्रममा अध्ययन क्षेत्रबाट संकलन गरिएका तथ्याङ्क र सूचनाहरू, सम्बन्धित क्षेत्रका नमुना छनोटमा परेका सरोकारवालाहरुसँगको भेटघाट, कुराकानी, छलफल, अन्तरवार्ता, अन्तरक्रिया र भराइएका प्रश्नावली फारमका आधारमा प्राप्त सूचना र जानकारीका आधारमा यसलाई पूर्णता दिने प्रयास गरिएको छ । प्राप्त तथ्याङ्क, सूचना र जानकारीलाई अध्ययन र विश्लेषण गर्दा निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

छात्रवृत्तिको कोटा निर्धारण गर्दा लिङ्गीय र जातीय आधारमा मात्र होइन वास्तविक गरीब तथा जेहेन्दार छात्रवृत्ति कोटा बढाई निर्धारण गर्ने व्यवस्था शिक्षा नियमावलीमा नै गर्नु पर्दछ । वैज्ञानिक तवरले छात्रवृत्ति कोटा निर्धारण गर्दा सबै वर्ग जात जाति, जनजाति, आदिवासी, दलित आदि सबैलाई समेट्ने र सबैलाई समानताको अवसर प्राप्त हुन सक्दछ ।

यसैगरी छात्रवृत्ति वितरण सम्बन्धी कोटा निर्धारण गर्दा भौगोलिक अवस्था, आर्थिक अवस्था, लक्षित समूहको संख्या र विद्यालयको गुणस्तरलाई आधार बनाउनु पर्दछ । छात्रवृत्ति वितरण कार्यक्रमको उद्देश्य पूरा गर्ने गरी छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने विद्यालयलाई मूल्याङ्कनका आधारमा पुरस्कारको व्यवस्था गर्ने नीति तय गर्नु पर्दछ ।

सरकारले विद्यालयमा कक्षाको बढ्दो क्रम अनुसार बढ्दो क्रमको छात्रवृत्ति रकम प्रतिव्यक्ति निर्धारण गर्नु पर्दछ र मंहगीको वृद्धि भए अनुसार छात्रवृत्ति रकमलाई समय सापेक्ष वृद्धि गर्नु उपयुक्त हुन्छ ।

शिक्षा मन्त्रालय वा विभागले जिल्ला शिक्षा कार्यालय मार्फत विद्यार्थी तथ्याङ्क माग गरी समयमै विद्यार्थी संख्या अनुसारको रकम उपलब्ध गराउनु पर्दछ । छात्रवृत्ति वितरण कार्यक्रम र यसको प्रभावकारिता सम्बन्धमा अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्न जि.शि.का. बाट प्रतिनिधि प्रत्येक विद्यालयमा पठाउनु पर्दछ र यसबाट प्राप्त पृष्ठपोषणबाट कार्यक्रमको सन्दर्भमा वैज्ञानिक पद्धतिको थालनी गर्न सहयोग पुग्दछ । वैज्ञानिक ढंगले छात्रवृत्ति वितरण कार्यक्रममा नगद रकमभन्दा सामग्री उपयुक्त हुने भए तथ्यगत रूपमा नीतिगत व्यवस्था मिलाउनु पर्दछ । छात्रवृत्तिको रकममा विभिन्न नामबाट हुने चुहावटलाई निरुत्साहित गर्न सक्रिय संयन्त्रको व्यवस्था मिलाउनु पर्दछ ।

विद्यालय छात्रवृत्ति कोष खडा गरी लक्षित समूहको समेत प्रतिनिधित्व हुने गरी छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति गठन गरी वितरण गर्ने नीतिगत व्यवस्था मिलाउनु पर्दछ । छात्रवृत्ति वितरणमा एकरूपता ल्याउन जिल्लाभित्रका प्रधानाध्यापक र वि.व्य.स. प्रतिनिधिसँग जिल्ला शिक्षा कार्यालयले अन्तरक्रिया आयोजना गरी छात्रवृत्ति वितरण गर्ने आधार तयार गर्नु पर्दछ ।

यसै गरी छात्रवृत्तिको प्रयोग र उपयोगिता सम्बन्धमा वर्षको एक पटक अभिभावकहरूको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने नीतिगत व्यवस्था मिलाउनु पर्दछ ।

### ५.३.२ कार्यान्वयन तह

छात्रवृत्ति वितरण कार्यक्रम कार्यान्वयन गर्ने गराउने प्रत्यक्ष निकाय विद्यालय हो र यसले विद्यार्थीको सही तथ्याङ्क तयारी गर्नेदेखि लिएर रकमको उपयोगसम्मको अवस्थामा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

विद्यालय व्यवस्थापनले छात्रवृत्ति वितरणको पारदर्शितामा विद्यालयलाई सचेत गराउनु पर्दछ । विद्यदालयले छात्रवृत्ति रकमको प्रयोग र उपयोगिता सम्बन्धमा अभिभावकलाई सचेत गराउनु पर्दछ । विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनले विद्यालयमा सबै अभिभावकलाई निमन्त्रणा गरी छात्रवृत्ति वितरण कार्यक्रमलाई औपचारिक रूप दिई छात्रवृत्ति वितरण कार्यक्रमको प्रचारप्रसार गरी अभिभावकहरूलाई सुसूचित गर्ने कार्य गर्नु उपयुक्त हुन्छ ।

जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति कार्यक्रम अन्तर्गतको रकममा हुने चुहावट नियन्त्रण गर्न विद्यालयलाई सचेत गराउनु पर्दछ र स्थानीय निकायलाई समेत छात्रवृत्ति वितरण कार्यक्रम सम्बन्धमा समन्वय र अनुगमन गर्न सुसूचित गर्नु पर्दछ । स्थानीय तहका विभिन्न सामाजिक कार्यकर्ता, बुद्धिजीवी, समाजसेवीहरूले विद्यालयमा छात्रवृत्ति वितरण भए नभएको जानकारी लिई सम्बन्धित विद्यालय र जि.शि.का. लाई सचेत गराई यस कार्यक्रममा प्रेरणा प्रदान गर्नु पर्दछ ।

### ५.३.३ अनुसन्धान तह

छात्रा छात्रवृत्ति वितरणले विद्यार्थी भर्नामा पारेको प्रभावलाई अध्ययन गर्न चाहने अध्ययनकर्ताको लागि र यस विषयमा जान्न र बुझ्न चाहने सम्बन्धित शिक्षक, स्रोतव्यक्ति तथा सरोकारवाला जो सुकैलाई पनि यस शोधकार्यले सहयोग पुऱ्याउन सक्दछ । अध्ययन क्षेत्रलाई विस्तार गरी प्रत्येक स्रोतकेन्द्र र जिल्लासम्मको अध्ययन क्षेत्र विस्तार गरी अध्ययन गर्न समेत शोधमार्फत सहयोग पुग्दछ ।

यसैगरी छात्रवृत्ति सम्बन्धमा खोज अनुसन्धान गर्न चाहने जोसुकैलाई यस शोधकार्यले सहयोग पुऱ्याउनु सक्दछ । विद्यार्थीको सिकाइ उपलब्धि बारेमा खोज गर्न चाहने शोधकर्ताको लागि समेत यस शोधमार्फत सहयोग पुग्न सक्दछ । यसै गरी

छात्रवृत्ति वितरण बारेका समस्याहरुको बारेमा अनुसन्धान गर्न चाहने जोसुकैलाई यस शोधले सहयोग पुऱ्याउन सक्दछ ।

भावी शोध अध्ययनकर्ताहरुको सहजताका लागि निम्नानुसारका शीर्षकहरुमा थप अध्ययन अनुसन्धानका लागि सिफारिस गरिएको छ :

प्राथमिक तहमा छात्रा छात्रवृत्ति कार्यक्रमको औचित्य र प्रभावकारिता
प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रमको शैक्षिक गुणस्तरमा प्रभाव
प्राथमिक तहमा छात्रवृत्ति वितरण कार्यक्रमका समस्या र समाधानका उपाय
प्राथमिक तहमा दलित छात्रवृत्ति कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव
प्राथमिक तहमा दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा पारेको प्रभाव

# सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद (२०६०), *विद्यालय निरीक्षक दिग्दर्शन*, काठमाडौं : मकालु बुक्स ।

ओस्ती, हरि (२०६५), *प्राथमिक शिक्षामा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौं : त्रि.वि. केन्द्रीय कयाम्पस, कीर्तिपुर ।

काफ्ले, पुष्पलाल (२०६८), *प्रभावकारी सिकाइमा छात्रवृत्तिको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), मोरङ : सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

नेपाल सरकार (२०६३), *कार्यक्रम निर्देशिका,* भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान,* काठमाडौं : मकालु पब्लिकेशन ।

नेपाल सरकार (२०६४), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : शिक्षा मन्त्रालय, केशरमहल ।

नेपाल सरकार (२०६७), *शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमावली (२०५९),* काठमाडौं : पिनाकल पब्लिकेशन, बागवजार ।

नेपाल सरकार (२०६३), *सबैका लागि शिक्षा २००४ - २००९ मुख्य दस्तावेज,* भक्तपुर, नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग, सानोठिमी ।

पन्त, भरतविलास (२०५४), *प्रारम्भिक शिक्षा मनोविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार, भोटाहिटी ।

पोखेल, युवराज (२०६७), *प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी भर्नादरमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), मोरङ : सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

बस्नेत, खगेन्द्र (२०६०), *प्राथमिक शिक्षा : लगानी र प्रतिफल,* शैक्षिक ज्योति वर्ष १, अङ्क १, काठमाडौं : लेखक ।

रावत, बमबहादुर (२०६३), *दलित छात्रवृत्तिको प्रभावकारिता एक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुर्खेत : त्रि.वि. सुर्खेत क्याम्पस ।

रेग्मी, मुरारीप्रसाद र साथीहरु (२०६२), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौं : न्यू हिरा बुक्स, कीर्तिपुर ।

वाग्ले, डा. मनप्रसाद र कार्की, उपेन्द्र (२०५५), *शिक्षाको दर्शनशास्त्रीय आधार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शर्मा, गोपीनाथ (२०५७, *नेपालमा शिक्षाको इतिहास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवि र निर्मला (२०६४), *शिक्षाको दर्शनशास्त्रीय आधार,* काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०६०), *परियोजना फर्मेटिभ अनुसन्धान,* काठमाडौं : लेखक, बल्खु ।

शिक्षा विभाग (२०६३), ***सबैका लागि शिक्षा सहयोगी पुस्तिका,*** भक्तपुर, नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग, सानोठिमी

# छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

## अनुसूची १

## प्रधानाध्यापकका लागि प्रश्नावली

१. प्राथमिक तहमा कुन कुन शीर्षकमा छात्रवृत्ति वितरण गर्दै रहनु भएको छ ?

उत्तर : ....................................................................................................

२. कति विद्यार्थीले छात्रा छात्रवृत्ति पाएका छन् ?

क. संख्या ख. प्रतिशत

३. छात्रा छात्रवृत्ति पाएका विद्यार्थीलाई छात्रवृत्तिले सिक्नको लागि अभिप्रेरित गरेको पाउनु भएको छ ?

क. छ ख. छैन ग. कम्तीलाई मात्र छ घ. अधिकांशलाई छैन

४. छात्रा छात्रवृत्ति कार्यक्रमले विद्यार्थी भर्ना अभियानलाई सहयोग पुऱ्याएको छ ?

क. छ ख. छैन ग. सामान्य मात्र छ घ. राम्रो छ

५. छात्रा छात्रवृत्ति वितरण कार्यक्रम कार्यान्वयन भएपछि छात्राहरुको भर्नादरमा के फरक पाउनुभएको छ ?

क. बढेको छ ख. घटेको छ ग. कुनै फरक छैन

६. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी र नगर्ने विद्यार्थीको सिकाइ उपलब्धिमा अन्तर पाउनु भएको छ ?

क. छ ख. छैन

७. छात्रवृत्ति वितरण गर्दा के वितरण गर्नु उपयुक्त हो - नगद वा सामग्री ?

क. नगद ख. सामग्री ग. नगद र सामग्री दुवै

८. छात्रा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी कक्षामा नियमित रुपले आउने गरेका छन् ?

क. छन् ख. छैनन् ग. कतिपयले विद्यालय छोड्छन्

९. छात्रवृत्ति वितरण गर्ने समय शैक्षिक सत्रभित्रको कुन समय उपयुक्त हुन्छ ?

क. शैक्षिक सत्रको शुरुमा ख. शैक्षिक सत्रको बीचमा

ग. शैक्षिक सत्रको अन्त्यमा घ. अन्य

१०. हाल वितरण गरिंदै आएका छात्रा छात्रवृत्तिले लक्षित समूहैलाई समेटेको छ ?

क. छ ख. छैन ग. अन्य

११. आगामी दिनमा छात्रा छात्रवृत्ति वितरण सम्बन्धी के कस्ता योजना आवश्यक पर्ला ?

उत्तर : ..........................................................................................

१२. छात्रा छात्रवृत्ति कार्यक्रमसँग सम्बन्धित समस्याहरु के के पाउनु भएको छ ? यसको समाधानका लागि के कस्ता उपाय अपनाउन सकिएला ?

उत्तर : ..........................................................................................

# छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

## अनुसूची २

### शिक्षकका लागि प्रश्नावली

१. छात्रा छात्रवृत्ति वितरणले छात्राहरुको भर्नादरमा कस्तो प्रभाव पारेको अनुभव गर्नु भएको छ ?

क. छ          ख. छैन

२. छात्रा छात्रवृत्तिले भर्नादरमा सकारात्मक प्रभाव पारेको छ भन्ने कुरालाई तपाईं कसरी पुष्टि गर्नुहुन्छ ?

क. यस वर्ष धेरै छात्राहरु भर्ना भएका छन्

ख. छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरु विद्यालयमा नियमित छन्

ग. छात्रवृत्ति पाएका विद्यार्थीको र उत्तीर्ण दर वृद्धि भएको छ

३. हाल वितरण गरिदै आएको छात्रा छात्रवृत्ति रकम पर्याप्त छ ?

क. छ          ख. छैन          ग. सामान्यतः ठीकै छ

४. कक्षा अनुसार छात्रवृत्ति रकम वृद्धि गर्दै लानु आवश्यक छ वा छैन ?

क. आवश्यक छ          ख. आवश्यक छैन          ग. अन्य

५. सिकाइ उपलब्धिले विद्यार्थीको व्यवहारमा परिवर्तन आएको पाउनुभएको छ ?

क. छ          ख. छैन

६. व्यवहारमा आउने स्थायी परिवर्तनलाई मात्र सिकाई उपलब्धि मान्न सकिन्छ । व्यवहारमा स्थायी परिवर्तन भएको थाहा पाउने आधारहरु के हुन सक्दछन् ?

उत्तर : ..........................................................................................................

७. के छात्रवृत्तिको प्राप्तिले विद्यार्थीको व्यवहारमा परिवर्तन गर्न प्रभाव पारेको हो ?

क. हो          ख. होइन

८. आधारभूत तहमा छात्रवृत्ति प्राप्त गर्ने छात्राहरुले राम्रो नतीजा प्राप्त गरेको र क्रमिक सुधार हुनुलाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

उत्तर : ..........................................................................................................

९. छात्रा छात्रवृत्ति वितरण कार्यक्रम उपलब्धिमूलक भएको छ ?

क. छ          ख. छैन

१०. छात्रा छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावकारी बनाउन के के गर्नुपर्छ ?

उत्तर : ..........................................................................................

११. हालको वितरण प्रक्रिया कस्तो छ ?

क. राम्रो ख. नराम्रो ग. अन्य

१२. छात्रा छात्रवृत्ति सम्बन्धी के के समस्या देख्नुभएको छ ?

उत्तर : ..........................................................................................

१३. छात्रा छात्रवृत्ति कार्यक्रमले छात्राहरुको भर्नादरमा प्रभाव पार्छ भन्ने तर्कसँग तपाईंले पढाउने विद्यालयका विद्यार्थीको भर्ना अवस्था मेल खान्छ ?

क. मेल खान्छ ख. मेल खाँदैन ग. अन्य

१४. छात्रा छात्रवृत्ति सम्बन्धि तपाईंको धारणा के छ ?

उत्तर : ..........................................................................................

# छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ३

## विद्यार्थीका लागि प्रश्नावली

*ठीक लागेको उत्तरमा (√) चिन्ह लगाऊ ।*

१. तिमीले छात्रवृत्ति पाएका छौ ?

क. पाएको छु      ख. पाएको छैन

२. तिमीले छात्रवृत्ति शैक्षिक सत्रभित्र कुन समयमा पाउछौं ?

क भर्ना हुने वित्तिकै      ख. त्रैमासिक परीक्षापछि

ग. अर्धवार्षिक परीक्षापछि      घ. वर्षको अन्त्यमा

३. छात्रवृत्ति रकम कसले बुझ्दछ ?

क आफैं      ख. अभिभावक      ग. अन्य ...................

४. तिमीले पाएको पैसा के गर्न खर्च गर्ने गरेको छ ?

क. कपी पेन्सिल किन्न      ख. ड्रेस किन्न

ग. खानेकरा किन्न      घ. अन्य .........................................

५. तिमी विद्यालय सधैं जान्छौं ?

क. सधै जान्छु      ख. कहिले काहीं जान्न      ग. धेरै जसो जान्न

६. तिमी नियमित रुपमा विद्यालय आउँछौ भने यसको कारण के हो ?

क. बाबुआमाले घरमा काम लगाउनु हुन्छ भनेर

ख. नआउँदा शिक्षकले कुट्नु हुन्छ भनेर

ग. छात्रवृत्ति पाइन्छ भनेर

घ. साथीसँग खेल्न

७. तिमी कहिले काहीं विद्यालय जाँदैनौ भने त्यसको कारण के हो ?

क. बाबुआमाले घरमा काम लगाएर      ख. मन नलागेर

ग. खाता पेन्सिल नभएर      घ. विद्यालय टाढा भएर

८. तिमीलाई विद्यालय आएर के गर्न बढी मन लाग्छ ?

क. साथीसँग मिलेर लेखपढ गर्न      ख. साथीसँग मिलेर खेल्न

ग. साथीसँग डुल्न      घ. साथीसँग झगडा गर्न

९. छात्रवृत्ति दिंदा के दिनु राम्रो हुन्छ ?

क. रकम ख. सामग्री

ग. रकम र सामग्री घ. अन्य ..................................

१०. तिमीलाई विद्यालयमा आएर लेखपढ गर्न मन लाग्छ ? किन ?

क. साथीहरुसँग धेरै मेलमिलाप भएकोले

ख. शिक्षक शिक्षिकाको राम्रो व्यवहारले

ग.पढ्न, लेख्न, सिक्न रमाइलो लागेर

घ. विद्यालय आउँदा छात्रवृत्ति पाइन्छ भनेर

# छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ४

## अभिभावकका लागि प्रश्नावली

१. तपाईंको छोरी विद्यालय खुलेका वेला नियमित रुपमा विद्यालय जान मन पराउँछिन् ?

क. मन पराउँछिन्     ख. मन पराउँदिनन्     ग. अन्य

२. विद्यालय जान मन गर्ने वा मन नगर्ने कारणहरु के के हुन् भन्ने ठान्नुहुन्छ ?

क. घरमा काम गर्नुपर्ने भएकाले     ख. पढ्नुपर्छ भन्ने थाहा नभएकाले

ग. छात्रवृत्ति नपाएकाले     घ. कपी पेन्सिल नभएकाले

३. तपाईंको छोरीको पढाइ कस्तो छ ?

क. उत्तम     ख. सामान्य     ग. कमजोर

४. तपाईंको छोरीलाई विद्यालयले छात्रवृत्ति दिन्छ कि दिँदैन ?

क. दिन्छ     ख. दिँदैन

५. यदि दिन्छ भने किन दिएको होला ?

क. बजारमा सामान किन्न     ख. लेखपढ गर्ने सामग्री किन्न

ग. विद्यालयमा आकर्षित गर्न

६. तपाईंको छोरीले छात्रवृत्ति पाउँदिनन् भने किन पाउँदिनन् ? यसमा तपाईंको धारणा के छ ?

उत्तर : ..........................................................................................

७. छात्रवृत्ति वितरण गर्दा के वितरण गर्नु उपयुक्त ठान्नुहुन्छ ?

क. नगद     ख. सामग्री     ग. नगद र सामग्री दुवै

८. छात्रा छात्रवृत्तिले छोरीहरुलाई लेखपढ गर्न सिक्न हौसला र सहयोग पुऱ्याएको छ ?

उत्तर : ..........................................................................................

९. छात्रवृत्तिले तपाईंको छोरी कि तपाईंलाई बढी फाइदा पुगेको छ ?

क. मलाई     ख. छोरीलाई     ग. दुवैलाई बराबर

१०. छात्रवृत्ति वापत प्राप्त रकम केमा खर्च गर्ने गर्नु भएको छ ?

क. घरखर्च चलाउनमा     ख. छोरीको पढाइ लेखाइमा     ग. दुवै किसिमका काममा

११. छात्रा छात्रवृत्ति पाउँदा र नपाउँदा कुन अवस्थामा सिकाइ उपलब्धि राम्रो भएको ठान्नु हुन्छ ?

क. पाउँदा  ख. नपाउँदा  ग. कुनै प्रभाव छैन

१२. तपाईंको आम्दानीले खान पुग्छ ?

क. पुग्छ  ख. पुग्दैन

१३. छात्रा छात्रवृत्ति वापत प्राप्त हुने रकम पर्याप्त छ ?

क. पर्याप्त छ  ख. पर्याप्त छैन  ग. अन्य

१४. छात्रा छात्रवृत्ति वितरण सम्बन्धी केही समस्या देख्नुभएको छ ?

उत्तर : ..........................................................................................................

# छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ५

## विद्यालय सर्वेक्षण फाराम

## विद्यालयमा विद्यार्थी भर्नाको अवस्था

विद्यालयको नाम :

ठेगाना :

| कक्षा | २०६८ | | | २०६९ | | | २०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

## छात्रा छात्रवृत्ति व्यवस्थापनले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ६

## विद्यालय सर्वेक्षण फाराम

## विद्यार्थीको औसत उपस्थितिको अवस्था

विद्यालयको नाम :

ठेगाना :

| कक्षा | २०६८ | | | २०६९ | | | २०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय खुलेको दिन | औसत उपस्थिति | | विद्यालय खुलेको दिन | औसत उपस्थिति | | विद्यालय खुलेको दिन | औसत उपस्थिति | |
| | | छात्रा | छात्र | | छात्रा | छात्र | | छात्रा | छात्र |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |